साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ भदौ १६ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 September 01 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १५

## वर्षाले पनि खोप लगाउने कार्य प्रभावित भएन

प्रस, वीरगंज, १५ भदौ/

जिल्ला स्वास्थ्य कार्यालय, पर्साका खोप अधिकृत पशुपति यादवले अस्ट्राजेनिका खोप ज्येष्ठ नागरिकहरूले उत्साहजनकरूपमा लगाएको बताएका छन् ।



वीरगंज–३ मा खोप लगाउन पालो पर्खिँदै ज्येष्ठ नागरिक । तस्वीरः प्रतीक

वीरगंज महानगरपालिका, बहुदरमाई नगरपालिका, धोबिनी, छिपहरमाई, विन्ध्यवासिनी, पकाहामैनपुर र कालिकामाई गाउँपालिका गरी भदौ १३ देखि १५ गतेसम्म सातवटा पालिकामा खोप लगाइएको बताए । उनले वर्षाको बावजूद ज्येष्ठ नागरिकहरूको उत्साहजनक सहभागिता रहेको बताए । वीरगंजलगायत पर्सा जिल्लाका विभिन्न स्थानमा आइतवार र सोमवार वर्षा भएको थियो । उनले कोभिशिल्डको पहिलो खोप लिएका सबैजना र ज्येष्ठ नागरिकसमेतलाई अस्ट्राजेनिका खोप लगाइएको बताए ।

सातवटा पालिकामा लगाइएको खोपको पूर्ण विवरण दुई दिनपछि आउने उनले जानकारी गराए । यसैबीच, १८ वर्ष उमेर पुगेका कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूलाई भदौ १६ र १७ गते वीरगंज महानगरपालिकाका पाँचवटा विद्यालयमा केन्द्र राखेर खोप दिने तालिका रहेको खोप अधिकृत यादवले बताए । महानगरमा कक्षा १२ को अध्ययन हुने ३६ वटा विद्यालय रहेकामा तीनवटा विद्यालयको खोप केन्द्र त्रिजुद्ध माविमा राखिएको उनले बताए । त्रिजुद्धमा खोप लिने एक हजार १५७ जना विद्यार्थी छन् । त्यसैगरी, चारवटा विद्यालयका एक हजार ५४ जना विद्यार्थीलाई वीरगंज पब्लिक माविमा, पाँचवटा विद्यालयका एक हजार ६४ जना विद्यार्थीलाई नेशनल इन्फोटेकमा, १७ वटा विद्यालयका नौ सय ४७ जना विद्यार्थीलाई सिद्धार्थ इन्टरनेशनल र चारवटा विद्यालयका ९० जना विद्यार्थीलाई बगही प्रावि स्वास्थ्य केन्द्रमा खोप केन्द्रको व्यवस्था गरिएको बताए । उनले कक्षा १२ का कुल चार हजार ३१२ जना विद्यार्थीलाई खोप दिइने सूची तयार भएको बताए ।

यसैगरी, बाँकी सातवटा पालिका पोखरिया, पर्सागढी नपा, ठोरी, जीराभवानी, पटेर्वासुगौली, जगरनाथपुर, सखुवाप्रसौनीमा भदौ १९–२१ गते तीन दिनसम्म खोप लगाइने जानकारी गराएका छन् । पालिकास्तरमा लगाइने खोप वडा कार्यालयहरूबाट लगाइने उनले बताए । पर्सा जिल्लामा अस्ट्राजेनिका खोप ५४ हजार ३२० जनाको लागि आएको उनले जानकारी गराए ।

### खुद्रा पसले, कामदारलाई पनि खोप दिइने

स्वास्थ्य कार्यालय, पर्साले वीरगंजका खुद्रा पसले र त्यहाँ कार्यरत कामदारहरूलाई पनि खोप दिने व्यवस्था गरेको स्वास्थ्य कार्यालयका खोप अधिकृत यादवले बताए ।

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीको पहलमा वीरगंज उद्योग वाणिज्य सङ्घमा खोप लगाइने उनले बताए । एक हजार खोप सङ्घमार्फत माग भएको र उनीहरूलाई सो खोप दिइने व्यवस्था गरिएको खोप अधिकृत यादवले जानकारी गराए ।

## वडा स्तरबाटै अपाङ्ग कार्ड वितरण शुरू

सञ्जीव मिश्र, विन्ध्यवासिनी, १५ भदौ/

पर्साको विन्ध्यवासिनी गाउँपालिकामा अपाङ्गता भएकाहरूलाई घर–घरमा नै अपाङ्ग परिचयपत्र प्रदान गरिएको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुन्ना साह रौनियारको नेतृत्वमा पालिकाका कर्मचारीहरूको टोलीले उनीहरूको घरमा पुगेर परिचयपत्र प्रदान गरेको हो ।





विन्दवासिनी र पकहामैनपुर गापामा अपाङ्ग परिचय पत्र वितरण गर्दै पालिकाको टोली । तस्वीरः प्रतीक

अपाङ्गगता भएकाहरूलाई परिचयपत्रका लागि स्वास्थ्य कार्यालय र गाउँपालिकाको कार्यालय धाउन सकस हुने देखिएकोले घरैमा परिचयपत्र वितरण अभियान सञ्चालन गरिएको प्रमुख प्रशासकीय अधिकृत रौनियारले बताए । कतिपय अपाङ्ग हिंड्डुल गर्न नसक्ने अवस्थामा रहेका र कतिपयको भरपर्दो सहयोगीसमेत नरहेकाले उनीहरूलाई परिचयपत्र प्राप्त गर्न गाह्रो थियो । परिचयपत्रको अभावमा उनीहरूले पाउनुपर्ने सेवा–सुविधाबाट समेत वञ्चित हुनुपरेको अवस्थालाई मध्यनजर गर्दै अपाङ्ग परिचयपत्र वितरणलाई प्राथमिकता दिएको प्रमुख प्रशासकीय अधिकृत रौनियारले बताए ।

परिचयपत्र वितरणको क्रममा उनीहरूको समस्याबारे सुन्ने र पालिकाबाट समाधानको प्रयास गरिने भएको छ ।

मङ्गलवारसम्म ४५ जना अपाङ्गलाई परिचयपत्र प्रदान गरिएको वितरण टोलीले जनाएको छ ।

टोलीमा महिला शाखा प्रमुख कौशल्या साह, सामाजिक शाखा एवं स्वास्थ्य शाखा प्रमुख नरेशप्रसाद चौहान र सम्बन्धित वडाका जनप्रतिनिधि सम्मिलित थिए ।

**प्रस, परवानीपुर/**

पर्साको पकहामैनपुर गाउँपालिकाले मङ्गलवारदेखि वडामैं गएर अपाङ्ग कार्ड वितरण कार्य शुरू गरेको छ । वडा नं १ को धोरेबाट अपाङ्ग कार्ड वितरण शुरू गरिएको गापा अध्यक्ष विजय चौरसियाले जानकारी गराए । उनले आफ्नो पालिकाभित्र रहेका अपाङ्गहरू पालिकासम्म आउन नसक्ने भएकाले घरदैलोमैं पुगेर कार्ड वितरण गरिएको गापा अध्यक्ष चौरासियाले बताए । वडा नं १ देखि ५ सम्मका अपाङ्गलाई रातो, नीलो, पहेंलो र सेतो गरी चार वर्गका कार्ड वितरण भइरहेको उनले बताए ।

रातो कार्ड पाएका व्यक्तिले मासिक रु ४ हजार, नीलो कार्ड पाएका व्यक्तिले रु २ हजार भत्ता पाउनेछन् । उनले आफ्नो पालिकाभित्र पूर्ण अपाङ्गता भएका व्यक्तिहरू सबैभन्दा धेरै रहेको बताए । वडा नं १ मा १२ जना, वडा नं २ मा ६ जना, वडा नं ३ मा १४ जना, वडा नं ४ मा २० जना, वडा नं ५ मा १७ जना गरी ६९ जनालाई अपाङ्गता कार्ड वितरण गरिएको उनले बताए । उनले गापामा स्वास्थ्य, शिक्षा, भौतिक पूर्वाधार, ज्येष्ठ नागरिक, एकल महिला, शहीद परिवार, दलित, पिछडा वर्ग र अतिविपन्न परिवारलाई समेत पालिकाबाट पाउने सुविधा दिंदै आएको बताए ।

कार्यक्रममा गापा उपाध्यक्ष कुसुमी देवी, प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, महिला विकासकी सुनीता देवी, बृजकिशोर वर्णवालगायतको सहभागिता थियो ।

## क्रसर उद्योगमा नदीजन्य पदार्थको परिमाण जाँच्न प्राविधिक टोली परिचालित

प्रस, निजगढ, १५ भदौ/

जिल्ला समन्वय समिति बाराको ढुङ्गा, गिट्टी अन्तर्गत प्राविधिक उपसमितिले निजगढमा रहेका नदीजन्य पदार्थको स्थलगत परिमाण सङ्कलन गरेको छ । यहाँ रहेका क्रसर उद्योगहरूद्वारा उत्पादित गिट्टी, बालुवा र अन्य नदीजन्य पदार्थको स्टक मौज्दात के कति परिमाणमा छ, सो यकीन गर्न प्राविधिक उपसमितिले दुई दिनदेखि स्थलगत अनुगमन गर्दै तथ्याङ्क सङ्कलन गरिरहेको छ ।

गत वर्ष निजगढ नगरपालिकाले नदीजन्य पदार्थको उत्खनन, सङ्कलन बिक्री वितरण गरेको परिमाणभन्दा बढी हुन सक्ने भन्दै सो उपसमितिलाई जिल्ला समन्वय समिति बाराले खटाएको सो समितिका संयोजक नवलकिशोर सिंहले जानकारी दिए ।

अघिल्लो वर्ष यसरी नै क्रसरद्वारा उत्पादित रोडा, गिट्टी, बालुवा र नदीजन्य पदार्थको स्टक मौज्दात बढी भएको प्रमाणित भएसँगै निजगढ नगरपालिकालाई बढी देखिएको नदीजन्य पदार्थको राजस्व सङ्कलन गराउन जिल्ला समन्वय समिति बाराले निर्देशन गरेको थियो ।

उक्त निर्देशनपछि निजगढमा रहेका करीब आठवटा क्रसर उद्योगबाट लगभग ५८ लाख रुपैयाँ राजस्व दाखिला निजगढ नगरपालिकामा गर्नुपरेको निजगढका एकजना क्रसर सञ्चालकले बताए ।



निजगढको क्रसर उद्योगमा नदीजन्य पदार्थको स्थलगत परिमाण सङ्कलन गर्दै प्राविधिक टोली । तस्वीरः प्रतीक

विभिन्न तरीकाले सरकारले तोकेभन्दा बढी नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र प्रशोधन गर्नु गैरकानूनी ठहर्छ ।

गत वर्ष पनि निजगढ नपाले नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र बिक्री वितरणका लागि ठेक्का मूअकबाहेक १६ करोड रुपैयाँमा लगाएको थियो ।

उक्त ठेक्कामा उल्लेख भए अनुसार १ करोड २२ लाख ४३ हजार ७८३ घनफिट नदीजन्य पदार्थ उत्खनन गरी सङ्कलन र बिक्री वितरण गर्न पाउने भएपनि नदीजन्य पदार्थ तोकिएको परिमाणभन्दा बढी उत्खनन गरी सङ्कलन भएको हुन सक्ने अनुमान छ ।

क्रसर उद्योगमा र आसपास परिसर घाटगड्डीमा रहेका क्रसरद्वारा उत्पादित रोडा, गिट्टी, बालुवा र नदीजन्य पदार्थको स्थलगत परिमाणको तथ्याङ्क सङ्कलन गरिरहेको उक्त प्राविधिक उपसमितिका संयोजक एंव पूर्वाधार विकास कार्यालय पर्साका इन्जिनीयर राजेशप्रसाद चौधरीले जानकारी दिए । "हामीले सङ्कलन गरेको परिमाण जस्ताको त्यस्तै समितिमा बुझाउँछौं," संयोजक एंव इन्जिनीयर चौधरीले भने ।

सो तथ्याङ्क परिमाण अनुगमन कार्यमा निजगढ नगरपालिकाका इन्जिनीयर रूपेशकुमार यादव र अशोक कुशवाहासहितको प्राविधिक टोली सहभागी छन् ।




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

## विचारसार र सूक्तिहरू

**कमीकमजोरी भए तापनि राम्ररी आरम्भ भएका समस्त महान् कार्य इच्छित मार्गमा हिंड्न थाल्छन् ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## काङ्ग्रेस सहज प्रवाहतिर

**लामो समयपछि नेपाली काङ्ग्रेसमा यस पालिको अधिवेशनमा दलीय प्रवाहमा सहजता ल्याउने कोशिश भइरहेको देखिएको छ। एउटै छतमुनि, एउटै परिवारको वर्चस्व रहेको नेपाली काङ्ग्रेसमा पछिल्लोपटक शेरबहादुर देउवाले नकबजनी गरेका थिए। त्यसै परम्परालाई अब विमलेन्द्र निधि र गगन थापाले निरन्तरता दिन खोजेका छन् । पार्टीका विमलेन्द्र निधि महासचिव र देउवाका खास व्यक्ति भएकाले भोलि सभापति पदको दावेदारीमा रैथाने परिवारबाट कुनै खिचलो उत्पन्न हुँदा समर्थनमा बसिदिने रणनीति होइन भने विमलेन्द्र तथा गगन थापाको उम्मेदवारी घोषणाले पार्टीभित्र तरङ्ग ल्याएको छ। आरम्भदेखि नै सहज प्रवाहको अभाव भ्fोलिरहेको नेपाली काङ्ग्रेस मुहान र निकास थुनिएको ताल बनेको थियो। जाडोमा कक्रिएर बसेको गरीबको शरीरमा कहिलेकहिले भित्रबाट उष्माको एउटा प्राकृतिक लहर उठ्छ र एकछिनको लागि ऊ तङ्ग्रिन्छ। अहिले नेपाली काङ्ग्रेसमा त्यस्तै लहर अनुभूत भइरहेको छ। निश्चय नै नेतृत्व परिवर्तनले कुनै पनि पार्टीलाई पुनर्जीवन दिन्छ । यो अलग कुरा हो, उम्मेदवारहरू को हार्छ, को जित्छ भन्ने कुराले धेरै महत्त्व राख्छ, तर परिवर्तनको चाहना नै नगर्दा यथास्थिति टुट्न पनि त सक्दैन ।**

**कुनै पनि पार्टी ठूलो हुनु, पुरानो हुनुको अर्थ हो त्यसमा सिद्धान्तनिष्ठहरूको दबदबा । नेपाली काङ्ग्रेसमा धेरै मानिस छन् जसलाई राजनीतिक श्रेय प्राप्त हुनुपर्छ, जसलाई आफ्नो योग्यता र सोचबाट पार्टीमा सार्थक परिवर्तन ल्याउने जिम्मा दिनुपर्छ । तर सबै राजनीतिक गुण भएर पनि नेपाली काङ्ग्रेसमा प्रवाहमयताको कमी भयो। नेतृत्व तहले पछिल्लो पुस्तालाई सदा थाङ्नामा सुताउने प्रयास मात्र गरिरह्यो । एउटा बालकलाई किशोर हुनै दिएन, युवा बन्ने सपना त परको कुरा। किन हो कुन्नि राजनीतिक चेतको अपार स्रोत भएर पनि पार्टीका कार्यकर्ताहरू दास मनोवृत्तिमा जेलिए र नेताहरू सामन्त बने । राणा र राजाहरूको सिको गर्दै पारिवारिक, एउटै व्यक्तिको वर्चस्व धारण गर्ने सामन्तवादी परिवारजस्तै । हिजो कोइराला परिवार नै काङ्ग्रेस थियो, काङ्ग्रेस नै कोइराला परिवार थियो ।**

**आज देउवा पनि त्यही बाटोमा हिंडिरहेका छन् । सकेसम्म उनले त्यही परम्परा अवलम्बन गर्नेछन्। निश्चय नै उनी पनि सभापति पदका आकाङ्क्षी बन्नेछन् । नेपाली काङ्ग्रेसको अर्को पक्षबाट पनि त्यस्तै मनोवृत्तिलाई निरन्तरता दिइने छ । पार्टी नेतृत्वको परिवर्तनमा कसैको आग्रह छैन, खासगरी शीर्ष तहमा। यस मनोवृत्तिलाई विमलेन्द्र र गगनले चुनौती दिएका छन्। नेतृत्व आफ्नै मुठ्ठीमा राख्ने पुरानियाहरूको सबै रणनीति छिचोल्दै नेपाली काङ्ग्रेसमा नेतृत्व परिवर्तन हुन सक्यो, दोस्रो पुस्ताले आफ्नो ठाउँ बनाउन सक्यो भने पार्टीको भलो त हुने नै छ, देश र नेपाली जनताको पनि कल्याण हुनेछ । देशले अङ्गीकार गरेको बहुदलीय व्यवस्थाको मर्म राजनीतिक दलहरूको बगाल बढ्नु होइन । प्रचलित राजनीतिक सिद्धान्तको आधारमा दलहरूको अस्तित्व कायम रहनु हो। नेपाली काङ्ग्रेस, खिया लागेर कमजोर भएकोले नै अन्य प्रतिस्पर्धी दलहरूमा एका छैन। बलियोसँग लड्न पो आफू पनि बलियो हुनुपर्छ । काङ्ग्रेसको बूढो नेतृत्वले गर्दा पार्टी कमजोर भएर प्रतिस्पर्धी दलहरूलाई बलियो नहुँदा पनि काम चलेकै छ । त्यसैले नेपालको राजनीति जहिले पनि सिद्धान्तभन्दा व्यक्तिको अहम्को शिकार बन्दै आएको छ ।**

# अब यसो गर्दा होला कि ?

स्वतन्त्र विचार



विनोद गुप्ता

**सरकारले थप दुईवटा काम गर्न सके, स्थानीय र संसदीय निर्वाचनमा नेका र गठबन्धनलाई बहुमत दिलाउन मदत गर्नेछ । १. काठमाडौंको फोहर व्यवस्थापनको लागि स्थायी विधि प्रारम्भ र २. नेपालमैं जैविक मल उत्पादनलाई प्रोत्साहन र रासायनिक मल उत्पादन योजना कार्यान्वयन ।**

कमरेड माधव नेपाल र उपेन्द्र यादवको दल निर्वाचन आयोगमा दर्ता भएकोले देउवा सरकारमाथिको सङ्कट धेरै हदसम्म टरेको मान्न सकिन्छ। अब आलोचक एवं प्रतिद्वन्द्वीहरूको मुख बन्द गर्न यो सरकारले आन्तरिक एवं बाह्य केही महत्त्वपूर्ण कार्य गर्नुपर्नेछ जसले यो सरकार र गठबन्धनप्रति आम जनतामा सकारात्मक सोच जाग्न सकोस्। प्रतिद्वन्द्वीलाई कहिले कमजोर ठान्नुहुन्न र त्यसमा पनि पूर्व प्रम ओलीजस्ता इमोशनल ब्ल्याकमेल गर्ने अद्भूत क्षमता भएका प्रतिद्वन्द्वीसँग त झन् बढी सचेत हुनुपर्छ। यस गठबन्धन सरकारको यसमा आबद्ध दलको अन्तिम बिसौनी बढीभन्दा बढी सिट जित्नु नै हो। अबको ७ महीनापछि स्थानीय तहको निर्वाचन हुनेछ र त्यसमा आधारित भएर डेढ वर्षपछि हुने संसदीय निर्वाचनको लागि जनताको सोच उजागर हुनेछ । स्थानीय निर्वाचनको परिणामले नै संसद् बहुमतको वा Strong Parliament बन्ने हो देखाउने छ।

त्यसैले यस सरकारले आन्तरिक आवश्यकताको प्राथमिकताको सूची बनाएर त्यस अनुसार कार्य गर्न सके मात्र नेपाली काङ्ग्रेस र गठबन्धनमा सम्मिलित दलहरूले स्थानीय निर्वाचनमा बहुमत प्राप्त गर्न सक्नेछन् । त्यसका लागि सरकारले खोप कार्यक्रम राम्ररी अगाडि बढाइरहेकोले यसलाई निरन्तरता दिइराख्नुपर्छ। दोस्रोमा शान्ति सुरक्षाको प्रभावकारी व्यवस्थाका साथै संसद्को बैठक बोलाएर दल विभाजन सम्बन्धी अध्यादेश निष्क्रिय बनाउने र संशोधित बजेट संसद्मा प्रस्तुत गरी बहुमतबाट पारित गराई कार्यान्वयन गराउनुका साथै महालेखा परीक्षकबाट प्रदेशमा औंल्याइएका अनियमितताको लागि कारबाई थाल्नुपर्छ। समस्त देशको जनता स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिहरूको बहुमतले मचाएको लूटतन्त्रबाट आजित भइसकेको छ । आगामी स्थानीय निर्वाचनमा ओली पक्षले फेरि राष्ट्रवादको नारा दिंदै तुइन चुँडाएको घटनालगायत कालापानी, लिपुलेक, लिम्पियाधुराको मुद्दा उठाउने प्रबल सम्भावना रहेको र यसले भित्री मधेस, मध्य पहाडका जनतालाई बढी प्रभावित गर्न सक्ने अवस्था सिर्जना हुन सक्छ।

भारतसँग जोडिएको नेपालको दक्षिणी समथर भूभाग अर्थात् तराई वा मधेस नै काङ्ग्रेसको उर्वर भूमि भएको यस क्षेत्रमा समेत भारतले तटबन्ध बनाएर एवं ठाउँ–ठाउँमा सीमा मिच्ने कार्य गरी आम जनतालाई दुःख दिने गरेको खबर दिनहुँ आइ नै रहेकोले लिम्पियाधुरा, कालापानी र लिपुलेकका साथै सुस्तामा आफ्नो दाबी कायम राख्दै विवाद समाधान भइसकेको स्थानहरूको स्ट्रिप नक्शामा हस्ताक्षर गरी गराई आफ्नो हक कायम गरी जनतालाई राहत दिनुका साथै तराईको जल जमावको समस्या समाधानको लागि भारतसँग सघन वार्ता शुरू गर्नुपर्ने देखिन्छ। यसैगरी चिरनिद्रामा सुताइएका राष्ट्रिय गौरवका आयोजनाहरू, खासगरी चिर प्रतीक्षित हुलाकी सडक, भेरी–बबई सिंचाइ, कमला मरिन डाइभर्सनजस्ता योजनाहरूमा योग्य व्यक्तिलाई नियुक्त गरी एक–डेढ वर्षमा सन्तोषजनक प्रगति देखाउन सक्ने व्यवस्था मिलाउनुपर्छ। शिक्षा क्षेत्रमा स्थानीयदेखि विश्वविद्यालय तहसम्मको शिक्षाको खस्कँदो गुणस्तर उँभो लगाउन एसइईमा फेल वा पास हुने पुरानो प्रणाली नै लागू गर्नुका साथै विद्यालय एवं क्याम्पसहरूमा उपलब्ध क्षेत्रफलका आधारमा विद्यार्थी भर्ना लिन पाउने व्यवस्थाका साथै यसको अनुगमनसमेत स्वतन्त्र निकायहरूबाट गराउने व्यवस्था गर्नु आवश्यक छ । आन्तरिकरूपमा यति मात्रै पनि ६–७ महीनाको अवधिमा गर्न सके स्थानीय निर्वाचनमा राम्रो परिणाम प्राप्त हुन सक्ने जस्तो लाग्छ।

अब कुरा गरौं देश बाहिरको । नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध ओली सरकारको बेला कुन स्तरमा थियो भन्ने कुरा हामी सबैलाई थाहा छ । त्यसैले यस क्षेत्रमा सक्रियता बढाउन आवश्यक छ। यसको लागि नेपालले एमसिसी र बिआरआइको सम्बन्ध स्पष्ट पार्नु जरूरी छ । हुनत सन् २०१७ मा प्रचण्ड प्रधानमन्त्री भएको बेला हस्ताक्षर भएको बिआरआई अन्तर्गत नेपालले प्रस्तावित गरेको ३५ योजनालाई चीनको अनुरोधमा रसुवागढी–काठमाडौं सडकको स्तरोन्नति, किमाथाङ्का–हिले सडक निर्माण, दिपायलदेखि चीन सीमासम्म जोड्ने सडक, टोखा–विदुर सडक, गल्छी–रसुवागढी–केरुङ ४ सय केभी प्रसारण लाइन, केरुङ–काठमाडौं रेल, ७६२ मेगावाट तमोर जलविद्युत् आयोजना र मदन भण्डारी प्राविधिक शिक्षालयजस्ता ९ आयोजना प्रस्ताव गरिएको थियो तर त्यसपछि यसको कार्यान्वयन गर्न कुनै पाइला चालिएन । अब भने देउवा सरकारले प्रस्तावित योजनाहरूको कार्यान्वयन प्रस्ताव तयार गर्न थालेको समाचार प्राप्त भएको छ। यसका साथै प्रम देउवा एमसिसी सदनबाट जस्ताको त्यस्तै पास गराउन चाहन्छन् भने प्रचण्ड र नेपाल यसलाई संशोधनसहित मात्रै पास गराउने पक्षमा छन् । यसको व्यवस्थापनका लागि कम रणनीतिक महत्त्वका बिआरआईको २–३ वटा योजना शुरू गरेर संसद्बाट एमसिसी अनुमोदन गराउन सक्ने आशामा प्रधानमन्त्री रहेको हुन सक्छ। वास्तवमा यस्तो भयो भने दुवै छिमेकीसँग नेपालको सम्बन्ध सुधार हुनुका साथै राष्ट्रको कूटनैतिक साख पनि बढ्ने छ। यसैगरी यस सरकारले कर्णाली तथा सुदूर पश्चिम प्रदेशलाई राष्ट्रिय प्रसारणसँग जोड्न युरोपियन युनियन तथा चीनको एशियन पूर्वाधार लगानी बैंक (एशियन इन्फास्ट्रक्चर डेभलपमेन्ट बैंक) बाट प्राप्त हुने २ हजार मिलियन अमेरिकी डलर लगानी गर्ने भएको छ।

यसले युरोपियन युनियनका साथै चीनसँग नेपालको सम्बन्ध थप प्रगाढ बन्नेछ। कूटनैतिक प्रभावकारिता बढाउन अब मन्त्रिमण्डललाई पूर्णता दिनासाथ सरकारले राजदूतहरू फिर्ता बोलाएर विवादरहित ढङ्गबाट, योग्य व्यक्तिहरूलाई सरकारको घटेको वैदेशिक साख बढाउने, क्षमतावान् व्यक्तिलाई पठाउनु उपयुक्त हुने देखिन्छ। यस डेढ वर्षको अवधिमा यस सरकारले थप दुईवटा काम गर्न सके यसले स्थानीय र संसदीय निर्वाचनमा नेका र गठबन्धनलाई बहुमत दिलाउन ठूलो मदत गर्नेछ। त्यो हो (१) काठमाडौंको फोहर व्यवस्थापनको लागि स्थायी विधि प्रारम्भ र (२) नेपालमैं जैविक मल उत्पादनलाई प्रोत्साहन र रासायनिक मल उत्पादन योजना कार्यान्वयन।

# सेवा नै प्रहरीको सर्वोपरी– प्रदेश प्रहरी प्रमुख

प्रस, सप्तरी, १५ भदौ/

प्रदेश नं २ का प्रहरी प्रमुख एवं प्रहरी नायब महानिरीक्षक उमेश रञ्जीतकारले नागरिक सेवालाई प्रहरीले सर्वोपरी ठान्नुपर्ने बताएका छन् ।



प्रदेश प्रहरी तालीम केन्द्र, जनकपुर सम्पर्क कार्यालय, राजविराजमा सञ्चालित प्रहरी जवान आधारभूत तालीमको मङ्गलवार राजविराजमा आयोजित दीक्षान्त समारोहमा उनले समाजले खोजेको असल पात्रका रूपमा प्रहरीले सेवा गर्नुपर्ने बताए ।

कार्यक्रममा प्रदेश प्रहरी प्रमुख रञ्जीतकारले विभिन्न विधामा उत्कृष्ट प्रशिक्षार्थीलाई पुरस्कार तथा दर्ज्यानी चिह्न प्रदान गरेका थिए। बितेको मङ्सिर ३ गतेबाट सञ्चालित उक्त तालीममा २०३ जना सहभागी थिए ।



दीक्षान्त समारोहमा प्रहरी जवानलाई दर्ज्यानी चिह्न प्रदान गर्दै प्रहरी नायब महानिरीक्षक उमेश रञ्जितकार । तस्वीरः रासस

सो अवसरमा तालीम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक केदार ढकालले प्रशिक्षार्थीलाई शपथ गराएका थिए। तालीममा प्रहरीलाई व्यावसायिक एवं प्रभावकारी ढङ्गबाट कर्तव्य निर्वाह गर्न आवश्यक ज्ञान, सीप र कला सिखाइएको प्रदेश प्रहरी तालीम केन्द्रले जनाएको छ ।

## तालिबानको आगमनले एशियाको विकास खलबलिनेछ

पाठक प्रतिक्रिया

१४ गते प्रतीकमा कुमार रूपाखेतीको लेख 'अफगानिस्तान' पढें। लेखकले जस्तो बाइबाई टाटा–टाटा हास्य–व्यङ्ग्यको भाषामा म लेख्न सक्दिनँ तर केही विचार प्रकट गर्न चाहन्छु ।

युद्ध त सिरिया, लेबनान, इराक, यमनमा पनि भइरहेको छ। तर जति चर्चा अफगानिस्तानको छ, त्यति अन्यको छैन। यसको एकमात्र कारण हो, यो मुलुक हाम्रै क्षेत्र दक्षिण एशियामा पर्छ। पाकिस्तान विभाजनको बेला राष्ट्रसङ्घमा पाकिस्तानको विरोध गर्ने पहिलो राष्ट्र अफगानिस्तान थियो । त्यसै बेलादेखि पाकिस्तान त्यहाँ आफ्नो समर्थक खोजिरहेको थियो, जुन तालिबानको रूपमा पायो । पाकिस्तानले कुनै न कुनै दिन उसको मूल्य चुक्ता गर्नैपर्छ । अमेरिका हारेर अफगानिस्तानबाट फर्केको होइन, उसले बोतलबाट एउटा यस्तो जिन निकालेर गयो, जसले गर्दा उसको सारा काम आफसेआफ पूरा हुनेछ । पहिलो अफगानिस्तानमा गृहयुद्ध हुनेछ, हतियार बेच्न पाइन्छ। भारत र चीन अहिलेदेखि नै हतियार जोर्न लागिसके । त्यहाँ पनि हतियार बेच्न पाइन्छ । अमेरिकाको दुश्मन इरान शियाबहुल छ। सुन्नीबहुल तालिबानले इरानलाई पनि ठेगान लगाउनेछ ।

पाकिस्तानको सपना त्यति बेला टुट्नेछ, जब तहरिके तालिबानले त्यहाँ पनि उपद्रो मचाउनेछ। यसरी एक तीरले अमेरिकाले कति निशाना साधेको छ थाहा भइसकेको होला । अब उसको निशाना बिआरआईतिर छ। जसलाई ऊ तालिबान जिन्नबाट पूरा गर्न चाहन्छ। चीन, भारत र पाकिस्तान कहिले मिल्नेछैनन्। यी मिलेनन् भने हुने यही त हो। २१सौं शताब्दी एशियाको हातबाट फुत्कने बेला आएजस्तो छ। जय नेपाल।

**–डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# मनोरोगीको उद्धार

प्रस, वीरगंज, १५ भदौ/

इलाका प्रहरी कार्यालय, ठोरीले अन्दाजी ४५ वर्षका बोल्न र सुन्न नसक्ने व्यक्तिलाई प्रहरीले उद्धार गरी आश्रममा




एकजना रोगीको उद्धार गरी मानव सेवा आश्रममा पठाएको छ।

मानव सेवा आश्रम वीरगंज शाखाका संयोजक सोनु मानव सेवाले ल्याएको बताए। उनले आश्रममा ल्याएका मनोरोगीलाई नारायणी अस्पतालमा पिसिआर परीक्षण गरी आश्रममा राखिएको जानकारी गराइन्।

# उपमनपा कार्यालयअगाडि फोहर थुपारियो

प्रस, जीतपुर, १५ भदौ/

जीतपुरसिमरा उपमहानगरपालिकाले फोहर नउठाएको विरोधमा स्थानीय युवाहरूले महानगर कार्यालयअगाडि फोहर थुपारेर विरोध जनाएका छन्।

जीतपुरसिमरा बजार क्षेत्रमा केही समयदेखि फोहर नउठाएको र फोहरको कारण दुर्गन्ध फैलिएको भन्दै युवाहरूले उमनपा कार्यालयअगाडि फोहर थुपारेका थिए। उनीहरूले बारम्बार फोहर व्यवस्थापनको लागि उमनपाको ध्यानाकर्षण गराउँदा चासो नदेखाएपछि बाध्य भएर सो कार्य गरेको बताएका छन्। युवाहरूले उपमनपाले यस उप्रान्त पनि फोहर व्यवस्थापनमा चासो नदेखाए दैनिक कार्यालयअगाडि फोहर उपहारस्वरूप पठाउने बताएका छन्।

# जनमत पार्टीको केन्द्रीय कार्यालय जनकपुरधाममा

प्रस, जनकपुरधाम, १५ भदौ/

डा सिके राउत नेतृत्वको जनमत पार्टीको केन्द्रीय कार्यालय जनकपुरधाममा स्थापना गरिएको छ। मङ्गलवार विशेष कार्यक्रमका बीच अध्यक्ष डा राउतले कार्यालय उद्घाटन गरेका हुन्।

सो अवसरमा डा राउतले अन्य दलको कार्यालय सङ्घीय राजधानी काठमाडौंमा केन्द्रित भएपनि आफ्नो पार्टीको कार्यालय भने मोफसलमा नै रहने बताए। जनकपुरधामको भानुचोकमा स्थापित केन्द्रीय कार्यालय तथा सचिवालयको उद्घाटन गर्दै उनले अधिकार स्थापितको अभियान अन्तर्गत केन्द्रीय सचिवालयको जनकपुरधाममा स्थापना पहिलो खुड्किला भएको बताए। स्वराज आन्दोलनको क्रममा ज्यान गुमाएका राममनोहर यादवलाई पार्टीको तर्फबाट शहीद घोषणा गर्दै डा राउतले शहीदको सपना साकार पार्न सङ्घर्षलाई जारी राख्ने बताए।

# अब झुत्रा नोटबाट ब्रिकेट

काठमाडौं, १५ भदौ/रासस

नेपाल राष्ट्र बैंकले प्रचलनमा ल्याउन नमिल्ने झुत्रो, मैलो, पुरानो तथा च्यातिएका नोटलाई जलाई ब्रिकेट बनाउने प्रविधि भिऱ्याएको छ। पनि थालनी गरिनेछ र छिट्टै अन्य दुई स्थानबाट पनि उत्पादन हुनेछ। "आगामी असोजसम्म बाँकी चारवटा मेशिन पनि झिकाई जनकपुर, पोखरा, भैरहवा र धनगढीबाट उत्पादन शुरू हुनेछ"–उनले




नेदरल्यान्ड्सबाट पहिलोपटक भित्र्याइएको सो प्रविधिको प्रयोगबाट अब प्रचलनमा ल्याउन नमिल्ने नोटलाई भट्टीमा डढाएर निस्कने खरानी इन्धनको रूपमा प्रयोग हुने ब्रिकेट बनाउन थालिएको छ। चलनचल्तीमा ल्याउन नमिल्ने नोटलाई विगतमा जलाएर नष्ट गरिन्थ्यो।

सो देशको एक कम्पनीसँग सन् २०२० मा भएको सम्झौता अनुसार आठ मेशिन ल्याउने सहमति अनुसार हालै आइपुगेका चार मेशिनबाट पहिलो चरणमा काठमाडौं, विराटनगर, वीरगंज र नेपालगंजमा जडान गरी जलाइएका नोटबाट ब्रिकेट उत्पादन गरिने नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागका प्रमुख रेवतीप्रसाद नेपालले जानकारी दिए। उनका अनुसार सो मेशिनबाट काठमाडौंमा ब्रिकेट उत्पादन शुरू भइसकेको छ भने आजै नेपालगंजबाट भने। पहिलोपटक जलाइएका चार सय बन्डल नोटबाट करीब चार सय केजी खरानी निस्केको थियो। नोटको आकार अनुसार खरानीको परिणाम फरक पर्ने उनको भनाइ छ।

चलनचल्तीमा ल्याउन नमिल्ने नोट जलाउन झन्झटिलो हुने तथा धूवाँधूलोले वातावरण प्रदूषित हुने भएकोले आधुनिक प्रविधि अनुसार जलाउने र त्यसलाई अन्य प्रयोजनमा ल्याउन सकिने भएकोले बैंकले उपकरण खरदि गरेको जनाएको छ। प्रमुख नेपालका अनुसार उपकरणको पहिलो भागले नोट टुक्र्याउने काम गर्दछ भने दोस्रो भागले ब्रिकेट तयार गर्दछ। यसरी उत्पादन गरिएका ब्रिकेटलाई इँटाभट्टा वा कोइला प्रयोग हुने उद्योग, कारखानादेखि घरायसी प्रयोजनमा ल्याउन सकिने उनले जानकारी दिए। बैंकले प्रतिवर्ष करीब रु ४०–४५ अर्बको नोट नष्ट गर्ने गर्दछ।

# कोप-२६ : हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेको असर नेपालको प्राथमिक मुद्दा

–भीष्मराज ओझा

काठमाडौं, १५ भदौ/रासस




जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी) को पक्ष राष्ट्रको २६औं सम्मेलन (कोप–२६) मा नेपालले हिमाली क्षेत्रमा जलवायु परिवर्तनले तुलनात्मक रूपमा बढी असर पारेकोलगायत मुद्दालाई प्राथमिकताका साथ उठाउने तयारी गरेको छ।

सम्मेलनमा हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असरले समग्र हिमाली अर्थतन्त्र र सो क्षेत्रको पारिस्थितिकीय प्रणालीका साथै तल्लो तटीय क्षेत्रका पारिस्थितिकीय प्रणालीमा परेको प्रभाव नेपालको प्राथमिकताको विषय हुनेछ। नेपालको संवेदनशील भूबनोटका कारण जलवायु परिवर्तनको जोखिम पनि बढ्दो छ। विश्व तापमानमा एक डिग्री सेल्सियस वृद्धि हुँदा नेपालको हिमाली क्षेत्रमा त्यसको असर १.८ डिग्री तापक्रमसम्म बढेको पछिल्लो अध्ययनले देखाएको छ।

कोप–२६ आगामी कात्तिक १५ देखि २६ गतेसम्म (नोभेम्बर १ देखि १२ सम्म) संयुक्त अधिराज्यको ग्लासगोमा हुँदैछ। सम्मेलनमा नेपालले जलवायुजन्य हानि–नोक्सानी, राष्ट्रिय योगदान प्रतिबद्धता (एनडिसी) प्रतिवेदन कार्यान्वयनका लागि स्रोतको खोजी, कार्बन वित्तलगायत विषयमा सशक्त आवाज उठाउने तयारी गरेको वन तथा वातावरण मन्त्रालयले जनाएको छ।

सम्मेलनको तयारीका लागि मन्त्रालयले जलवायु परिवर्तनसम्बन्धी सरकारी तथा गैरसरकारी बहुपक्षीय बहुसरोकारवाला विज्ञसहितको सहभागितामा विभिन्न १० समूहमा छलफल गरी सुझाव सङ्कलन गरिरहेको छ। समूहबाट प्राप्त प्रतिवेदनका सुझाव समेटेर राष्ट्रियस्तरमा छलफल गरी सम्मेलनमा प्रस्तुत गर्ने अवधारणापत्र (स्टाटस पेपर) तयार गरिने मन्त्रालयका सचिव प्रेमनारायण कँडेलले जानकारी दिए।

सन् २०१५ मा भएको पेरिस सम्झौताको सन् २०५० सम्ममा हरित ग्याँस उत्सर्जन शून्यमा पुऱ्याउने रोडम्याप कार्यान्वयन गर्न विश्वका विभिन्न मुलुकसँगै नेपालले पनि आफ्नो एनडिसी प्रतिवेदन पेश गरिसकेको छ। प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोतको विषय पनि सम्मेलनको प्राथमिकतामा पर्ने उनले बताए।

पेरिस सम्झौतामा मुख्यगरी सन् २०५० सम्म हरित ग्याँस उत्सर्जन शून्यमा पुऱ्याउने प्रतिबद्धताका साथै र विश्वको औसत तापक्रम वृद्धिदर १.५ डिग्री सेल्सियसमा सीमित गर्ने तथा २.० डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति भएको थियो।

सो रोडम्याप अनुसार नेपाल प्रतिबद्ध छ भनेर मन्त्रालयले रणनीतिक योजनासहित प्रतिवेदन पेश गरेको छ। प्रतिवेदनले नेपालले एनडिसी कार्यान्वयनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा आवश्यक के कस्तो सहयोग आवश्यक पर्छ भन्ने पनि देखाएको छ। सचिव कँडेलले भने–"एनडिसी कार्यान्वयन गर्न नेपाललाई २५ विलियन अमेरिकी डलर चाहिन्छ। यो कार्बन न्यूनीकरणको योजना पनि हो।"

मन्त्रालयले जलवायुजन्य परिवर्तनबाट नेपालको संवेदनशीलता तथा जोखिमबारे पनि रणनीतिक प्रतिवेदन तयार गरिरहेको छ। जलवायुजन्य हानि नोक्सानीसम्बन्धी प्रतिवेदन अनुसार सन् १९७१ देखि २०१९ सम्मको तथ्याङ्क हेर्दा जलवायुजन्य प्रकोपका कारण प्रतिवर्ष ६२७ जनाको मृत्यु हुने गरेको छ।

त्यस्तै औसत वार्षिक रु तीन अर्ब भन्दा बढी भौतिक क्षति हुने गरेको मन्त्रालयको तथ्याङ्क छ। सन् २०१७ मा रु सात अर्बको हानि–नोक्सानी भएको थियो भने यो वर्ष पनि धेरै क्षति भएको र अध्ययनकै क्रममा रहेको मन्त्रालयले जनाएको छ।

**उच्चस्तरीय टोली सहभागी हुने**

मन्त्रायलले अहिलेसम्म प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा सम्मेलनमा उच्चस्तरीय प्रतिनिधिमण्डल सहभागी हुने तयारी गरिरहेको छ। प्रधानमन्त्री देउवाले बेलायतका प्रधानमन्त्री बोरिस जोनसनले नोभेम्बर १ देखि २ सम्म आयोजना गर्ने ग्लोबल लिडर समिटमा सहभागिता जनाउने बताइएको छ। समिटमा विश्वका सरकार प्रमुख तथा राष्ट्र प्रमुखको सहभागिता हुनेछ।

त्यसमा प्रधानमन्त्रीको सम्बोधन हुने र नेपालले उठाउने विषयबारे पनि मन्त्रालयले गृहकार्य गरिरहेको अवगत गराउँदै सचिव कँडेलले नेपालका तर्फबाट उच्चस्तरीय सहभागिता हुने कुराले उत्साही भएको बताए। "यो पटकको तयारी प्रभावकारी भएको र उच्चस्तरीय सहभागिताले सम्मेलनमा नेपालको उपस्थिति थप सशक्त हुने विश्वास लिएका छौं।"

उनले भने–"यसबाहेक हरित ग्याँस उत्सर्जनमा न्यून भूमिका भए पनि नेपाल जलवायु परिवर्तनका असरबाट सबैभन्दा बढी प्रभावित मुलुकको सूचीमा रहेको छ। यो मुद्दा नेपालले सदैव अन्तर्राष्ट्रिय मञ्चमा प्राथमिकताका साथ उठाउँदै आएको छ।"

यस पटकको सम्मेलन नेपाललगायत विश्वमैं सिर्जित जलवायु परिवर्तनका नयाँ र अति प्रभावशाली घटनाका कारण पनि छलफलका लागि महत्त्वपूर्ण हुने मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा राधा वाग्लेले बताइन्।

हरेक वर्ष हुँदै आएको यस्तो सम्मेलन गत वर्ष कोभिड–१९ का कारण हुन नसकेको, पेरिस सम्झौताको पाँच वर्षभित्र गर्नुपर्ने विषयका लागि र यस क्षेत्रको वैज्ञानिक निकाय 'इन्टरनेशनल गभर्मेन्टल प्यानल अन क्लाइमेट चेन्ज' (आइपिसिसी) को पछिल्लो प्रतिवदेनले औंल्याएका विषयबारे छलफल गर्न यस पटकको सम्मेलन महत्त्वपूर्ण हुने उनको भनाइ छ। समुद्र तटीय क्षेत्रको मुद्दा जस्तै हिमाली क्षेत्रको मुद्दा पनि नेपालजस्ता देशका लागि महत्त्वपूर्ण छ। आइपिसिसी प्रतिवेदनले हिमालको सतह पनि घटेको र हिमाल पग्लिने क्रम बढ्दो रहेको देखाएको छ।

सन् १९७० देखि यो अवस्था जारी रहेको र यो शताब्दीभरि नै यो क्रम भइरहने प्रतिवेदनमा उल्लेख छ। आइपिसिसीले जलवायु परिवर्तनका क्षेत्रमा खतराको घण्टी बजेको सन्देश दिएको छ। पेरिस सम्झौता अनुसार विश्वको औसत तापक्रम वृद्धिदर १.५ डिग्री सेल्सियसमा सीमित राख्न धेरै चुनौती छ। विभिन्न देशले बुझाएका एनडिसी प्रतिवेदनमा पनि यो विषय कायम राख्ने कुरामा अझै शङ्का रहेको छ।

यसबाहेक अहिले नेपालसहित विश्वमा नै जलवायुका अति परिदृश्यका घटना भएका छन्। नेपालले पनि यस वर्षायाममा नसोचेको बाढी पहिरालगायत विपद्को सामना गर्नुपरेको र त्यसले ठूलो जनधनको क्षति भएको थियो। उनले भनिन्–"अहिले जलवायुजन्य हानि–नोक्सानी बढ्दो छ। अब यी घटना अनुकूलनभन्दा पनि भिन्न भएका छन्। त्यसलाई पनि सम्बोधन गर्न वित्त आवश्यक देखिएको विषय सम्मेलनमा वार्ता गरेर क्षति न्यूनीकरण र क्षतिपूर्तिको व्यवस्थाका लागि पनि यो पटकको सम्मेलन उपयुक्त हुनेछ।"

मन्त्रालयले मुख्य सम्मेलनसँगै साइड इभेन्ट र वार्ताका लागि तयारी गरिरहेको जनाएको छ। यसका साथै राष्ट्रिय अनुकूलन योजना बनाउने काम अन्तिम चरणमा पुगेको बताउँदै महाशाखा प्रमुख वाग्लेले आफू महाशाखामा आएपछि एनडिसी, थर्ड नेशनल कम्युनिकेशन (टिएनसी), टेक्नोलोजिकल निड एसेसमेन्ट (टिएनएस), लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति र कार्ययोजनालगायत आवश्यक प्रतिवेदन तथा दस्तावेज बनाउने र पेश गर्ने काम भएको जानकारी दिए।

सम्मेलनको तयारीका लागि मन्त्रालयले सचिव कँडेल सल्लाहकार, महाशाखा प्रमुख वाग्ले संयोजक र मन्त्रालयका उपसचिव राजु सापकोटा, सिर्जना श्रेष्ठ र मिलन ढुङ्गाना सदस्य तथा उपसचिव अरुणप्रकाश भट्ट सदस्य सचिव रहेको स्टेरिङ कमिटी गठन गरेको छ।

कमिटीले गत डिसेम्बरदेखि नै सम्मेलनको पूर्वतयारीका लागि भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विविध कार्यक्रममा सहभागिता जनाउनुका साथै नेपालका तर्फबाट पेश गरिने आवश्यक दस्तावेज तयार गर्ने काम गर्दै आएको कमिटी सदस्य सचिव एवं उपसचिव भट्टले जानकारी दिए।



वीरगंजमा मङ्गलवार निकालिएको भीमसेन जात्राको दृश्य। तस्वीर सौजन्यः पङ्कज श्रेष्ठ





# समस्त रोगको एउटा औषधि- तुलसी

निघण्टुकारका अनुसार तुलसीपत्र अथवा पत्र स्वरस उष्ण, कफ निस्सारक, शीतहर, स्वेदनजनन, दीपन, कृमिघ्न, दुर्गन्धनाशक र प्रतिदूषक हुन्छ। यसको बीउ मधुर, स्निग्ध एवं शीतल एवं मूत्रजनन हुन्छ।

लगभग यससँग मिल्दोजुल्दो मत धन्वन्तरि निघण्टुकारको पनि छ। शास्त्र अभिमत छ कि तुलसीको जरामा विषन ज्वरो शान्त गर्ने तथा बीउमा वीर्य बाक्लो बनाउने शक्ति हुन्छ र शान्तिदायक हुन्छ। सुक्खा बिरुवा समग्र वा चूर्णरूपमा लिएपछि यकृतोत्तेजक पाचक रस बढाउने अद्वितीय गुण राख्छ।

वनौषधि चन्द्रोदय ग्रन्थ अनुसार आन्द्राभित्र तुलसी पत्र स्वरसको प्रभाव कृमिनाशक एवं वातशामक हुन्छ। वमन बन्द हुन्छ र पुरानो कब्ज निको हुन्छ। दादमा यसको रस मल्दा मेटिन्छ। वृणलाई यसको स्वरसबाट मर्जित गर्नाले त्यसको सङ्क्रमण बढ्दैन तथा त्यो चाँडै निको हुन्छ। यसको गर्भ निरोधक गुणको पनि चर्चा शास्त्रमा गरिएको छ- तुलसी पत्रको काढाको एक गिलास यदि प्रति मास रजोदर्शनपछि तीन दिनसम्म नियमित सेवन गर्दा गर्भ स्थापना हुँदैन।

कुष्ठले यदि त्वचाबाहेक मासु-अस्थिलाई पनि प्रभावित गरेको छ भने तुलसीको प्रयोगबाट त्यसको पनि नाश हुन्छ। एकजना विद्वान्‌को मत छ कि तुलसीमा भाले र पोथी दुई जाति हुन्छ। भाले जाति पुरुष रोगका लागि तथा पोथी जाति स्त्री रोगमा काम लाग्छ। यो कहाँसम्म सही हो र यसलाई कसरी चिन्ने ? यो शोधको विषय हो।

आचार्य प्रियव्रत शर्माका अनुसार सबै प्रकारको कफ-वात विकारमा तुलसी उपयोगी हुन्छ। स्थानीय लेपको रूपमा व्रण, शोथ, सन्धि पीडा, मर्किएको आदिमा यसको लेप लगाइन्छ। अवसाद एवं लो ब्लडप्रेसरको स्थितिमा यसलाई छालामा मल्दा तुरून्त स्नायु संस्थान सक्रिय हुन्छ। शरीरको बाहिरी कृमिमा पनि यसको लेप लगाइन्छ। उनका अनुसार यो अग्निमन्दता, कुनै पनि प्रकारको उदरशूल तथा आन्द्राको कृमिमा उपयोगी हुन्छ। यो हृदयोत्तेजक तथा रक्त विकार शोधन गर्छ। खोकी, दमा, मांसपेशी र मेरुदण्ड बटारिएमा यसको स्वरस निकै उपयोगी हुन्छ।

आचार्य शर्माका अनुसार मूत्रदाह र विसर्जनमा कठिनाई तथा ब्लैडर सुन्निएको र पथरीमा बीउको चूर्णले तुरून्त लाभ पुऱ्याउँछ। कुष्ठरोगको यो सर्वश्रेष्ठ औषधि हो। यसले विषम ज्वरो मेटाउँछ। कुनै पनि प्रकारको ज्वरोको चक्रलाई यसले तुरून्तै तोड्छ।

## जीवेम शरदः शतम्

राजयक्ष्मामा पनि यसको प्रयोग सफल रहेको छ। जीवनीशक्ति बढाएर यसले जीवाणु हुर्कन दिंदैन। यो मलेरिया निरोधी हो। घर वरपर यसको बिरुवा लगाउँदा लामखुट्टे आउँदैन। यसको स्वरसको लेप गर्नाले लामखुट्टेले टोक्दैन तथा मुखबाट ग्रहण गर्दा यसको सङ्घटक नष्ट गर्छ। बीउ रसायन पनि हो तथा दुर्बलता नाश गर्छ।

**तुलसीमा केही यस्तो गुण हुन्छ जसको कारण यो शरीर को विद्युतीय संरचनालाई सीधै प्रभावित गर्छ। तुलसीको डाँठबाट बनेको गेंडाको माला घाँटीमा लगाउँदा शरीरमा विद्युत् शक्तिको प्रभाव बढ्छ तथा जीव कोशको सामर्थ्यमा वृद्धि हुन्छ।**





डा खोरीका अनुसार सेतो तुलसी उष्ण र पाचक हुन्छ। यो बालकको प्रतिशयाय तथा रोगमा प्रयुक्त हुन्छ। कालो तुलसी कफ निस्सारक एवं ज्वरो नाशक हो। सुक्खा पातको चूर्ण पिनास (साइनोसाइटिस)को लागि प्रयुक्त हुन्छ। तुलसी सिद्ध तेलले कर्णशूल मेटाउँछ।

तुलसी रसमा मलेरिया ज्वरोको कारण प्रोटोजोआ पेरेसाइटलाई तथा लामखुट्टेलाई नष्ट गर्ने अद्भूत क्षमता हुन्छ। पहिलोपटक सन् १९०७ मा इङ्गल्यान्डमा इम्पिरियल मेडिकल कन्फ्रेन्समा यो कुराको रहस्योद्घाटन गरिएको थियो कि कालो तुलसीबाट मलेरियाको उपद्रव निकै कम हुन्छ। त्यसपछि यस क्षेत्रमा धेरै अनुसन्धान भयो र सफल पनि भयो। तुलसीको पातको स्पर्श भएको हावामा यस्तो गुण हुन्छ कि लामखुट्टे त्यस परिसरको वरपर पनि आउँदैन। वैज्ञानिकले तुलसीभित्र एउटा यस्तो उडनशील तेल पाएका छन् जुन हावामा मिसिएर ज्वरो उत्पन्न गर्ने सबै प्रकारको कीटाणुलाई नष्ट गर्छ।

जाडोको मौसममा ज्वरोमा, विशेषगरी ट्रापिकल क्षेत्रको ज्वरोमा, यसको सेवनबाट छातीमा चीसो पस्दैन तथा छातीमा रहेको कफ श्वास मार्गबाट बाहिर निस्किन्छ। स्वरसमा यति तीव्र सामर्थ्य हुन्छ कि यसबाट कृमि तुरून्तै मर्छ र दस्त सफा हुन्छ। वमन पनि तुरून्तै शमन हुन्छ।

डा नादकर्णीका अनुसार तुलसीमा केही यस्तो गुण हुन्छ जसको कारण यो शरीरको विद्युतीय संरचनालाई सीधै प्रभावित गर्छ। तुलसीको डाँठबाट बनेको गेंडाको माला घाँटीमा लगाउँदा शरीरमा विद्युत् शक्तिको प्रभाव बढ्छ तथा जीव कोशको सामर्थ्यमा वृद्धि हुन्छ। धेरैजसो रोग यस प्रभावबाट आक्रमण गर्नुभन्दा पहिले नै समाप्त हुन्छ तथा व्यक्तिको जीवनावधि बढ्छ। डा नादकर्णीका अनुसार कमजोर व्यक्ति यदि स्वल्प मात्रामा तुलसीको जराको चूर्ण बिहान-साँझ घ्यूसँग सेवन गर्दछ भने उसको ओजस् र बल बढ्छ।

डा खगेन्द्रनाथ बसुले पनि तुलसीको विद्युतीय सामर्थ्यलाई मानेका छन्। उनी लेख्छन् शरीरसँग तुलसीको थोरै पनि सम्पर्क भएपछि सङ्क्रामक व्याधि निरस्त हुन्छ। तुलसी गुल्मको तलको माटोलाई खाएर र त्यसलाई शरीरमा लगाएर पनि मानिस व्याधिमुक्त भएको पाइएको छ। यस कथनमा कति सत्यता छ, यसको विश्लेषण त वैज्ञानिक शोथ प्रक्रियाद्वारा नै सम्भव छ। सम्भवतः यसै कारण मन्दिर, मस्जिद तथा गिरजाघर वरपर तुलसीको बोट लगाउने प्रावधान छ।

**होमियोपैथिक मत**- भारतीय र युरोपियन दुवै होमियोपैथिक सिद्धान्तले तुलसीलाई अमृतोपम मानेका छन्। बङ्गालका डा विश्वास भन्छन् तुलसी अनेकानेक लक्षणमा लाभकारी औषधि हो। टाउको दुख्ने, स्मरण शक्तिमा कमी, बच्चामा चिडचिडापन, आँखाको लाली, एलर्जीको कारण हाच्छ्युँ आउनु, नाक बग्नु, मुखमा खटिरा, घाँटी दुख्ने, पिसाबमा जलन, दमा तथा जीर्ण ज्वरो जस्ता अनेक प्रकारको लक्षणमा तुलसीलाई होमियोपैथीमा स्थान दिइएको छ। यसको २,३,६,३० तथा २०० औं पोटेन्सीमा प्रयोग गरेर यी सबै रोगमा लाभ पाइएको छ।

ब्रजीलमा तुलसीको आँसीमम कैनम नामक जाति पाइन्छ। डा भरे र बोरिक यो मान्छन् कि प्रजननन तथा मूत्रवाही संस्थान रोगको श्रेष्ठ औषधि हो।

**युनानी मत**- तुलसी हृदयोत्तेजक, बलवर्द्धक तथा यकृत अमाशय बलदायक हुन्छ। यसले हृदयलाई बल दिने भएकोले अनेक प्रकारको शोथ विकारजन्य रोगमा आराम हुन्छ। र यो शिरःशूलको श्रेष्ठ औषधि हो। पात सुँघ्नाले मूर्च्छा टाढा हुन्छ तथा चपाउनाले दुर्गन्ध। रस कानमा चुहाउँदा कर्णशूल शान्त हुन्छ।

**रासायनिक सङ्गठन**- तुलसीमा अनेकौं सक्रिय रसायन पाइन्छ। यसमा ट्रैनिन, सैवोनिन, ग्लाइकोसाइड र एल्केलाइड्स प्रमुख हो। अहिले पनि पूर्णरूपले यसको विश्लेषण गरिएको छैन।

प्रमुख सक्रिय तत्त्व हो एक प्रकारको पहेंलो उडनशील तेल, जसको मात्रा-सङ्गठन स्थान र समय अनुसार बदलिरहन्छ। ०.१ देखि ०.३ प्रतिशतसम्म तेल पाउनु सामान्य कुरा हो। वैल्थ अफ इन्डिया अनुसार यस तेलमा लगभग ७१ प्रतिशत युजिनोल, २० प्रतिशत युजिनोल मिथाइल इथर तथा तीन प्रतिशत कार्वाकोल हुन्छ। श्री तुलसीमा श्यामाको अपेक्षा केही बढी तेल हुन्छ तथा यस तेलको सापेक्षिक घनत्व पनि बढी हुन्छ। तेल अतिरिक्त पत्रमा लगभग ८३ मिलिग्राम प्रतिशत कैरोटिन हुन्छ।

तुलसीको बीउमा हरियो पहेंलो रङ्गको तेल लगभग १७.८ प्रतिशतको मात्रामा पाइन्छ। यसको घटक हो केही सिटोस्टेरोल, अनेकौं वसा अम्ल मुख्यतः पामिटिक, स्टियरिक, ओलिक, सिनौलिक र लिनोलेनिन अम्ल। तेलको अलावा बीउमा श्लेष्मक प्रचुर मात्रामा हुन्छ। यस म्युसिंलेजको प्रमुख घटक हो- पेन्टोस, हेक्का युरोनिक अम्ल र खरानी। खरानी लगभग ०.२ प्रतिशत हुन्छ।

# पर्यटक आकर्षित गर्दै गोसाइँ ताल

-राजु विश्वकर्मा

लहान, १५ भदौ/रासस

केही वर्ष अघिसम्म झौवाई खोल्सीको रूपमा परिचित सिरहाको लहान नगरपालिका-१५ बानोस्थित जङ्गल क्षेत्रमा यतिबेला पुग्दा तालको झझल्को दिनेगरी संरचना तयार गरिएको छ। करीब १५ बिघा क्षेत्रफलमा फैलिएको सो खोल्सीलाई संरक्षण गरी स्थानीय युवाको सक्रियतामा मरम्मत गरिएको हो। तालकै बीचमा मन्दिर बनाइएको छ। तालमा डुङ्गा सैरको व्यवस्था गरिएको छ।

आन्तरिक र बाह्य पर्यटक भित्र्याउने उद्देश्यले उक्त खोल्सीलाई स्थानीय युवाले धार्मिक पर्यटकीयस्थल बनाउन सक्रियता बढाएपछि जङ्गल क्षेत्रमा अवस्थित सो क्षेत्र पर्यटकीयस्थलको रूपमा विकसित हुन थालेको हो।

कोरोना कहर सकिएपछि पर्यटन वर्ष मनाउने तयारी गरिरहँदा बानोका युवाले करीब १५ बिघा क्षेत्रफलमा फैलिएको सो खोल्सीको संरक्षण गरी धार्मिक पर्यटकीयस्थल बनाउन लागिपरेका हुन्। स्थानीय गाउँलेद्वारा २०३३ सालदेखि संरक्षित सो खोल्सीलाई पर्यटकीयस्थल बनाउन गोसाइँडाँडा ताल नामाकरण गरिएको छ। संरक्षित वनभित्रबाट बग्दै



तस्वीरः सौजन्य

आएको पानी झौवाई खोल्सीमा जमेपछि स्थानीय बासिन्दाले बाँध बनाएर पोखरीको रूप दिएर सिंचाइ गर्दै आएका थिए।

लहान बजारबाट करीब पाँच किलोमिटरको दूरीमा रहेको बानोमा थारू, मुसहरलगायत जातिको ११० घरधुरी छ। सांसद प्रदीप गिरीको संसदीय कोषबाट रु १५ लाख, डिभिजन वन कार्यालय लहान सिरहाबाट रु १० लाख र भू संरक्षण कार्यालयको रु ६ लाख ५० हजारको सहयोगमा स्थानीयले त्यही खोल्सीलाई पोखरी र पोखरीलाई यतिबेला तालको रूपमा पुनर्निर्माण गरेका छन्।

सो खोल्सीबाट बनेको ताललाई स्थानीयवासीको सक्रियतामा चुरियाडाँडा सामुदायिक वन उपभोक्ता समिति बनाएर संरक्षण गरिएको छ। सो ताललाई पोखराको मिनी फेवातालको झल्को दिने गरी आवश्यक पूर्वाधार तयार गर्दै पर्यटकलाई आकर्षित गर्ने थप योजनाहरू बनाएको स्थानीय युवा श्रवण चौधरीले बताए।

"हामीले पर्यटक तान्न पहिलो चरणमा खोल्सीको नाम परिवर्तन गरेर गोसाइँडाँडा नामाकरण गरेका छौं"- उनले भने-"खोल्सी हुँदै पोखरी र पोखरीबाट तालमा रूपान्तरण गराइएको र तालको पूर्वी-उत्तरी चुरेडाँडामा ऐतिहासिक गोसाइँ थान रहेकाले तालको नामाकरण पनि त्यही अनुसार राखेका छौं।"

"प्रत्येक वर्ष असार १ गतेका दिन गोसाइँ थानमा पूजा गर्ने परम्परा रहेको छ"-अर्का स्थानीय युवा सञ्जीव चौधरीले भने-"यहाँ पूजा गरेपछि समयमै वर्षा हुने र धानखेती गर्ने बानोवासीको चलन छ। त्यही परम्परा कायम राख्न तालको नाम गोसाइँ ताल नामाकरण गरेका छौं।" लामो समयको प्रयासपछि निर्माण गरिएको सो तालमा अहिले तत्कालका लागि दुईवटा डुङ्गाको व्यवस्था गरिएको छ।

तालको बीच भागमा रहेको ढिस्कोमा पुग्न बोटिङको व्यवस्था गरिएको र चारैतिर चुरेक्षेत्रले घेरिएको ताल वरपर विभिन्न स्थानमा पर्यटकलाई आराम गर्न २० वटा विश्रामस्थल निर्माण गरिएको गोसाइँताल संरक्षण समितिका अध्यक्षसमेत रहेका स्थानीय युवा अभिनन्द

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

# विनाकारण कोही किन रुष्ट हुन्छ

कसैले तपाईंलाई माया गर्छ भने कोही तपाईंसँग रुष्ट हुन्छ। उनीहरू रुष्ट भएपछि कसैकसैलाई तनाव पनि हुन्छ। यो मानसिक तनावको कारण बन्छ। तपाईंसँग घृणा गर्नुको कारण थुप्रै हुन सक्छ जसबारे तपाईंलाई थाहा हुँदैन। तसर्थ अरूबाट पाइने घृणाको पछाडि के कारण हो र त्यसलाई निर्मूल गर्ने उपायबारे जानौंः



**अन्यबाट हुने घृणालाई तनावमा परिणत हुन नदिऔंः** तनाव हाम्रो सोचको कारण आउँछ। जुन कुराबारे हामी आवश्यकताभन्दा बढी सोच्छौं त्यो तनावको कारण बन्छ। यस तनावबाट मुक्ति पाउन सकारात्मक सोच नै बाटो हो। तपाईंले यो राम्ररी बुझ्नुपर्छ कि कुनै पनि व्यक्ति सबैको लागि राम्रो हुन सक्दैन। कुनै व्यक्तिले तपाईंलाई माया गर्छ भने कसैले तपाईंलाई घृणा पनि गर्छ। यद्यपि आफन्तलाई खुशी राख्ने प्रयास गर्नुपर्छ तर अन्य व्यक्तिबाट पाइरहेको घृणाबारे बढी सोच्नुहुँदैन र सकारात्मक रहनुपर्छ।

**घृणाको निम्नलिखित कारण**: सबैभन्दा ठूलो र सामान्य कारण हो तपाईंले अन्जानमैं कसैको मन दुखाउनुभएको छ। यस कारण उनीहरू तपाईंसँग घृणा गर्छन् र तपाईंलाई थाहा पनि हुँदैन।

तपाईंको सफलता पनि धेरैजनाको लागि रिसको कारण बन्न सक्छ। यदि तपाईं अन्य व्यक्तिभन्दा राम्रो काम गरिरहनुभएको छ र राम्रो जीवन व्यतीत गरिरहनुभएको छ भने उनीहरूको लागि घृणाको कारण बन्न सक्छ।

तपाईंको व्यक्तित्व हरेकलाई मन पर्छ र तपाईंलाई धेरैजनाले मन पराउँछन् भने केही व्यक्ति तपाईंसँग जलन र इर्ष्या पनि राख्ने गर्छन्।

केही व्यक्ति केवल अटेन्शन नपाएको कारण रिसाउन थाल्छन्। उनीहरूको रिस हटाउने तरीका हो तपाईं उनीहरूलाई अटेन्शन दिनुस्।

# मिर्गौला, मधुमेहमा लाभकारी हुन्छ भन्टाको पात

भन्टाको तरकारी विभिन्न रूपमा खान्छौं तर यसको पातलाई बिर्सन्छौं। भन्टाको पात निकै लाभकारी हुने आयुर्वेद चिकित्सक अबरार मुल्तानी भन्छन्।



डा मुल्तानीका अनुसार भन्टाको पात मिर्गौलाको लागि डिटाक्सिफायरको काम गर्छ। यसले प्राकृतिक तरीकाबाट मिर्गौला सफा गर्न मदत गर्छ। यसको लागि एउटा भाँडामा थोरै पानी राख्ने, त्यसमा ५-६ वटा भन्टाको पात उमालेर पानीलाई छान्ने। यो पानीलाई दिनमा तीनपटक सेवन गर्नुपर्छ।

त्यस्तै सुन्निने समस्याबाट पीडित व्यक्ति तथा क्यान्सरबाट उत्पन्न हुने सुजनबाट ग्रसित व्यक्तिले भन्टाको पात सेवन गर्दा सुन्निने कम हुन्छ। किनभने यसको पातमा फाइटोकेमिकल्स हुन्छ जसले सुन्निने कम गर्छ।

एनिमियाबाट पीडित व्यक्तिको लागि भन्टाको पात सेवन गर्दा रक्त बढ्छ। साथै मधुमेहबाट पीडित व्यक्तिले सेतो भन्टाको पात सेवन गर्नुपर्छ। सेतो भन्टाको पातमा फाइबर र मैग्नेशियम जस्ता पोषक तत्त्व पाइन्छ जसले रगतमा भएको चिनीको स्तरलाई नियन्त्रित गर्छ।

भन्टाको पात सेवन गर्नाले बढेको कोलेस्ट्रोल कम गर्न सकिन्छ। कोलेस्ट्रोल कम भएपछि वजन कम गर्न सकिन्छ।

# चीनमा सातामा ३ घण्टा मात्रै अनलाइन गेम खेल्न पाइने

चीनमा अनलाइन गेम खेल्ने बालबालिकाको लागि नयाँ नियम लगाइएको छ। १८ वर्षभन्दा कम उमेरका बालबालिकाले अब सातामा तीन घण्टा मात्र



अनलाइन गेम खेल्न सक्छन्। सिन्ह्वाले सोमवार दिएको सूचना अनुसार बालबालिकामाथि भिडियो गेमको लतमा अङ्कुश लगाउन चीनको राष्ट्रिय प्रेस र प्रकाशन प्रशासनले यस्तो नियम लगाएको छ।

नयाँ जनादेश अनुसार १८ वर्षभन्दा कम उमेरका बालबालिकाले अब सातामा शुक्रवार, शनिवार र आइतवार राति ८ देखि ९ बजेसम्म मात्र अनलाइन गेम खेल्न पाउने छन्। नाबालिगलाई राष्ट्रिय बिदाको दिन पनि सोही समयमा खेल्ने अनुमति छ।

सिन्ह्वा अनुसार भिडियो गेम कम्पनीले यो सुनिश्चित गर्नुपर्छ कि उनीहरूले वास्तविक नामबाट गेम खेल्न पाउँछन्, नक्कली नाम र अकाउन्ट बनाएर गेम खेल्न उनीहरूलाई रोक लगाउन चीनले अनुरोध गरेको छ।

यसभन्दा पहिले पनि चीनले बालबालिका र किशोरहरूलाई भिडियो गेम खेल्नमा प्रतिबन्ध लगाएको थियो। सन् २०१९ मा नयाँ नियम तय गरिएको थियो कि नाबालिग प्रतिदिन बढीमा ९० मिनेट अनलाइन गेम खेल्न सक्छन्। उनीहरूलाई राति १० देखि बिहान ८ बजेसम्म खेल्ने अनुमति दिइएको थिएन।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## लुइजियानामा आँधीको खतरा कायमै, एकजनाको मृत्यु

वाशिङ्टन, १५ भदौ/सिन्ह्वा

अमेरिकाको लुइजियानामा सोमवार शक्तिशालीमध्येको एक समुद्री आँधी आएको बताइएको छ । सो आँधीमा परी अहिलेसम्म एकजनाको ज्यान गएको छ ।



आँधी साम्य भएपछि लुजियानाको नेशनल गार्डले एक महिलालाई उनको बस्तीमा छोडेपछि घरतर्फ जाँदै । तस्वीरः एपी

सो आँधीले गर्दा उक्त क्षेत्रको तटीय क्षेत्र डुबाएको बताइएको छ । त्यसैगरी, यहाँका भौतिक तथा अन्य आधारभूत संरचना नै केही डुबाएको र केहीमा नराम्ररी क्षति पुर्‍याएको बताइएको छ ।

यो आँधीको चपेटामा परेर करीब सात लाख मानिस विद्युत् सेवाबाट पनि वञ्चित हुन पुगेको बताइएको छ । अमेरिकाका मौसमविद्ले यसलाई यहाँको अहिलेसम्मको शक्तिशालीमध्येकै एक आँधी भनेका छन् ।

यो आँधी निरन्तररूपमा नै दुई सय किलोमिटर प्रतिघण्टाको वेगमा रहेको र बिस्तारै उत्तरतर्फ बढिरहेकाले यसको विनाशकारी क्षमता अझ बढी हुन सक्ने मौसमविद्ले जनाएका छन् ।

यहाँको तटीय क्षेत्रबाट दशौं हजार व्यक्तिको उद्धार गरिएको अधिकारीले जनाएका छन् । साथै उद्धार गर्न नसकेर सोही क्षेत्रमा सुरक्षित साथ बसेका भनिएका नागरिकलाई भने अरू केही दिन त्यहीं बस्न भनिएको र अहिले नै मदत गर्न नसकिने अवस्था रहेको बताइएको छ ।

यो आँधीले न्यूअर्लियन्सनजीकैको एउटा अस्पतालको छाना नै उडाइदिएको बताइएको छ । तर त्यसमा परेर कोही पनि बिरामी घाइते भने नभएका बताइएको छ ।

यहाँका हजारौं मानिस सुरक्षित स्थानतर्फ भागेका छन् । यहाँ बाँकी रहेका अन्य व्यक्तिलाई आँधी नरोकिएसम्म भित्रै बस्न भनिएको छ । रासस

**पर्यटक ....**

चौधरीले जानकारी दिए ।

"निर्माण गरिएको विश्रामस्थलबाट पर्यटकले तालसँगै चुरे वन क्षेत्रको मनमोहक दृश्यावलोकन गर्न सक्छन्"–उनले भने–"विश्रामस्थलमैं बसेर जङ्गल क्षेत्रभित्रका चराचुरुङ्गीको चिरबिर ध्वनिको आनन्दसमेत उठाउन सक्छन् ।" युवा सक्रियतामा तालको संरक्षण गरेर बोटिङको व्यवस्था गरेपछि तालसम्म आउने आन्तरिक पर्यटकको सङ्ख्या बढ्दै गएको अध्यक्ष चौधरीको कथन छ ।

यहाँ आउने पर्यटकको धार्मिक आस्थालाई जोगाउन गोसाइँडाँडा तालको टुप्पोमा स्थापना गरिएको महादेव मन्दिरमा भक्तजन जल चढाउन आउँछन् । "हामीले गोसाइँताललाई धार्मिक पर्यटकीयस्थलको रूपमा विकास गर्न गुरुयोजना तयार गरेका छौं"–अध्यक्ष चौधरीले भने–"धेरैभन्दा धेरै आन्तरिक र बाह्य पर्यटकलाई भित्र्याउने लक्ष्यका साथ ताल वरिपरि भ्यू टावर, बुद्ध मन्दिर, पिकनिकस्थल बनाउने योजना छ ।" त्यसका लागि सरकारी र दातृ निकायमा पहलसमेत भइरहेको उनको भनाइ छ । लहान नगरपालिका–१५ ढोढनामैं रहेको प्रसिद्ध राजदेवी मन्दिरमा पूजाआजा गर्न आउने श्रद्धालुलाई त्यहाँबाट करीब दुई किलोमिटरको दूरीमा रहेको सो तालको मनोरम दृश्य देखाउने योजनासमेत बनाइएको समितिका सदस्य आनन्द चौधरीले बताए ।

"राजदेवी मन्दिरमा पूजा गर्न आउने भक्तजनलाई तालसम्म लैजाने योजना हामीसँग छ"–उनले भने–"त्यसका लागि आवश्यक सवारीसाधनको व्यवस्थापनसँगै अन्य योजना बनाइरहेका छौं ।" आफ्नो गाउँबस्ती वरिपरिको क्षेत्रलाई पर्यटकीय क्षेत्र बनाउन सकिए विकासको अन्य सम्भावना खुल्ने भन्दै स्थानीय युवा सक्रिय रूपमा तालको आवश्यक संरचना बनाउन लागिपरेको अर्का युवा महेन्द्र चौधरीले बताए ।


प्रदेश सरकार
प्रदेश नं २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र, पर्सा**

वीरगंज

**क्याटलग/ब्रोसर सपिङ विधिबाट सवारीसाधन खरीदसम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना**

**(प्रथमपटक प्रकाशन मिति : २०७८/५/१६ गते)**

यस कार्यालयको आव २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको सवारीसाधन सार्वजनिक खरीद ऐन (२०६३ पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरीद नियमावली २०६४ (चौथो संशोधन)को नियम ३१ (ख) बमोजिम उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरीद गर्ने कार्यविधि २०७४ बमोजिम खरीद प्रयोजनका लागि सूची तयार गर्नुपर्ने भएकोले त्यस्तो सवारीसाधन उत्पादक कम्पनी वा सोको नेपालका लागि आधिकारिक विक्रेता (Importer) भएकोले सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहायबमोजिम सवारीसाधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन (क्याटलग वा ब्रोसर), गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात संलग्न राखी तपसिलमा उल्लेख भएबमोजिमको प्रस्ताव दर्ता गराउनुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) सवारीसाधनको स्वीकृत विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निश्शुल्क प्राप्त गर्न सकिनेछ । कार्यालयबाट स्वीकृत स्पेशिफिकेशनको **Offered Specification Column** मा आफ्नो प्रस्ताव गरेको उपकरणको विस्तृत विवरण तथा माग गरिएका अरू थप विवरण अनिवार्य भरेर सही छाप गरी सिलबन्दीका साथ पेश गर्नुपर्नेछ ।

२) उक्त कागजात लिनका लागि इच्छुक उत्पादक कम्पनी वा सोको नेपालका लागि आधिकारिक विक्रेताले उक्त सवारीसाधन तथा एम्बुलेन्स बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सोको अद्यावधिक नवीकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आव २०७७/७८ सम्मको करचुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्रसहितका कागजातसहित यस कार्यालयमा उपस्थित हुनुपर्नेछ । साथै नेपालको आधिकारिक विक्रेताको हकमा उत्पादक कम्पनीको **Authorization** पत्र (Manufacturer Authorization Letter) अनिवार्यरूपमा पेश गर्नुपर्नेछ ।

३) यो सूचना प्रकाशित भएको मितिले १५औं दिन १५:३० बजेसम्म यस कार्यालयमा छुटाछुट्टै सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिनेछ तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरू सोही दिन १६:०० बजे खोलिनेछ ।

४) साथै सूचीकृत नभएका उत्पादक वा आधिकारिक विक्रेता कम्पनीहरूले सूचीकृत गराइ उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने बेहोरासमेत जानकारी गराइन्छ ।

५) पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदापछिको कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ ।

| सिनं | साधनको नाम | सङ्क्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | पिकअप | Standard Double Cab Pickup, Right Hand Drive Model with Four Wheel Drive | सङ्क्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत Technical Specification बमोजिम हुनेछ । |
| | | 4-Stroke, Water Cooled Diesel Engine, Displacement of the engine shall in the range 2100 (±100) cc, developing Maximum rated power output not less than 140 HP and Maximum torque should not be less than 320 N-m | |
| | | Equipped with following major accessories<br>– Antilock Braking System & Air Bag Safety System<br>– Central Door Locking System<br>– Power Windows<br>– Heating Ventilation & AC | |


## अमेरिकी सेनाले २० वर्षपछि अफगानिस्तान छाड्यो

–सोमनाथ लामिछाने

काठमाडौं, १५ भदौ/रासस

भौगोलिक दृष्टिबाट रणनीतिक महत्त्वको ठानिंदै आएको अफगानिस्तानबाट पछिल्लोपटक महाशक्ति राष्ट्र अमेरिकाले त्यहाँ तैनाथ आफ्ना सेना २० वर्षपछि फिर्ता लगेको छ । सेना फिर्ता होला वा नहोला भन्ने अड्कलबाजीबीच अमेरिकी सेनाले अन्ततः अफगानिस्तान छाडेको छ ।



तस्वीरः एएफपी

अमेरिकी सेनाले राष्ट्रपति जो बाइडेनले घोषणा गरेकै मितिमा अर्थात् २०२१ अगस्त ३१ भित्रै अफगानिस्तान छाडेको छ । पछिल्ला दिनमा काबुल विमानस्थलको भयावह अवस्थालाई सम्भवतः बीचमैं छाडेर अफगानिस्तानको स्थानीय समय सोमवार राति ९ बजे अमेरिका बाहिरिएको छ । काबुल विमानस्थलबाट झन्डै एक लाख २३ हजार मानिसको उद्धार गरिएको भनिए पनि अझै पनि ठूलो सङ्ख्यामा मानिस उद्धारको पर्खाइमा रहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

आर्थिक तथा मानवीय दुवै दृष्टिबाट निकै महँगो ठानिएको अफगान युद्धका क्रममा अमेरिका र अन्य मुलुकका गरी झन्डै तीन हजार ५०० सैनिकको मृत्यु भएको थियो । अफगानिस्तानमा सक्रिय तालिबान, इस्लामिक स्टेट समूह, हक्कानी नेटवर्कसमेतको आक्रमणमा परेर ६६ हजारभन्दा बढी अफगानी सेनाको ज्यान गएको थियो भने ७० हजारभन्दा बढी सर्वसाधारण मारिएका थिए ।

युद्धका क्रममा ८० हजारभन्दा बढी तालिबानी र अन्य समूहका लडाकूको मृत्यु भएको ब्राउन विश्वविद्यालयले जनाएको छ । युद्धको त्रासबाट बाँच्न झन्डै २७ लाख अफगानी देश छाडेर अन्यत्र पलायन भएका थिए भने देशभित्रै पनि लाखौ मानिस विस्थापित भएका थिए । अफगानिस्तानको पुनर्निर्माणका लागि अमेरिकाले एक खर्ब ४३ अर्ब डलरभन्दा बढी खर्च गरेको अफगानिस्तानको पुनर्निर्माणसम्बन्धी इन्स्पेक्टर जनरल (सिगार)को प्रतिवेदनमा उल्लेख छ । अफगान युद्धका बीस वर्षमा झन्डै २३ खर्ब डलर अमेरिकाले खर्च गरिसकेको सिगारको भनाइ छ ।

अमेरिकी सेनाको अन्तिम टुकडीले काबुल विमानस्थल छाडेलगत्तै काबुलका सडकमा अफगानिस्तानका मुख्य विद्रोही समूह तालिबानले आतिशबाजी गर्नुका साथै आकाशतिर गोली पड्काएर विजयोत्सव मनाएका छन् ।

अफगानिस्तानको राजधानी काबुल सहित देशभर नियन्त्रण कायम गरेको तालिबानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले विमानस्थलमा राति नै पत्रकारसँग कुरा गर्दै भने–"अफगानिस्तानका सबै नागरिकलाई बधाई छ । यो विजय हामी सबैको हो ।"

"तालिबानको यो विजय अरू अतिक्रमणकारीका लागि पनि एउटा पाठ हो ।" उनले अगाडि भने–"हामी संयुक्तराज्य अमेरिका र विश्वका अरू मुलुकसँग राम्रो सम्बन्ध चाहन्छौं । हामी राम्रो कूटनीतिक सम्बन्धका लागि सबैको स्वागत गर्दछौं ।"

संयुक्तराज्य अमेरिकाका विदेशमन्त्री एन्टोनी ब्लिन्केनसहित अमेरिकी रक्षा मन्त्रालयले वाशिंगटन डिसीबाटै अमेरिकी सेनाले अफगानिस्तान छाडेको घोषणा गरेका थिए । विदेशमन्त्री ब्लिन्केनले अफगानिस्तान मामिलामा नयाँ अध्याय शुरू भएको बताएका थिए ।

अमेरिकाले अफगानिस्तानको नयाँ नेतृत्वसँग आगामी दिनमा सहकार्य र कूटनीतिक सम्बन्ध विकास गर्न चाहेको बताएका थिए । तर उनले तत्कालका लागि अमेरिकी कूटनीतिक उपस्थिति काबुलमा नरहने र अफगानिस्तान मामिला कतारबाट हेरिने बताएका छन् ।

तालिबानले यस अघि सन् १९९६–२००१ सम्म अफगानिस्तानमा सत्ता सम्हालेको थियो । तर महिला र बालबालिकालाई पढ्न–लेख्न र काममा प्रतिबन्ध लगाउनुका साथै निकै कठोर न्याय प्रणाली अवलम्बन गरेका कारण तालिबानी समूह विश्वमैं बदनाम भएको थियो ।

अमेरिकी सेना खासमा सन् २००१ सेप्टेम्बर ११ मा अमेरिकी वर्ल्ड ट्रेड सेन्टर (ट्वीन टावर)मा विमानद्वारा आतङ्कवादी आक्रमण भएपछि अफगानिस्तान आइपुगेको थियो । त्यस आक्रमणमा झन्डै तीन हजार सर्वसाधारणको ज्यान गएको थियो । अल–कायदाका नेता ओसामा बिन लादेनले अफगानिस्तानमा तालिबान सरकारको संरक्षणमा ट्रेड टावर आक्रमणको योजना बनाएको अमेरिकी आरोप थियो ।

अमेरिकामा आक्रमण भएको एक महीना नपुग्दै अक्टोबर ७, २००१ मा तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुशले 'आतङ्कवादविरुद्ध युद्ध' घोषणा गर्दै अफगानिस्तानमाथि आक्रमण गरेका थिए । यस आक्रमणको एक साताभित्रै काबुलमा तालिबानको सरकार पतन भएको थियो ।

तालिबानले संरक्षण दिएका ओसामा बिन लादेनको खोजीका साथै उनका तालिम केन्द्र ध्वस्त बनाउन नोभेम्बर २००१ मा करीब एक हजार ३०० अमेरिकी सैनिक परिचालन भए पनि अर्को वर्ष १० हजार पुगेको थियो । एक समय यो सङ्ख्या एक लाखभन्दा बढी पुगेको थियो ।

सन् २००३ मा इराक युद्ध छेडेको अमेरिकाले अफगानिस्तानमा सन् २००९ मा एक लाखको हाराहारीमा सैनिक पठाएको थियो । सन् २०१० मा अफगानिस्तानमा एक लाख ५० हजार सैनिक तैनाथ थिए ।

यहीबीच सन् २०११ मे २ मा अमेरिकी विशेष फौजले पाकिस्तानको अबोटाबादमा लुकेर बसेका बिन लादेनलाई मारिदियो । त्यसपछि अमेरिकी सेनाको कारबाई अफगान सेनाको तालिम र हवाई सहायतामा केन्द्रित भएको थियो ।

सन् २०१६ मा निर्वाचित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता गर्ने घोषणा गरी तालिबानसँग वार्ता प्रारम्भ गरेका थिए । सन् २०१८ मा अमेरिकी प्रतिनिधि र तालिबानी प्रतिनिधिबीच कतारको दोहामा वार्ता शुरू भयो र वार्ता, खासगरी अमेरिकी सेनाको फिर्ती तथा अन्तर–अफगान शान्तिवार्तामा केन्द्रित थियो ।

सन् २०२० फेब्रुअरी २९ मा अमेरिका र तालिबानी समूहबीच सन् २०२१ को मे महीनाभित्र सबै अमेरिकी फौज अफगानिस्तानबाट फिर्ता गर्नेगरी एउटा ऐतिहासिक सम्झौतामा हस्ताक्षर भयो । तालिबानी समूह अफगान सरकारसँग वार्ता गर्न सहमत भएको थियो ।

ट्रम्पको कार्यकालमैं जनवरी २०२१ सम्म अमेरिकी सेनाको सङ्ख्यामा व्यापक कटौती भयो, र अफगानिस्तानमा सीमित कार्य गर्नेगरी दुई हजार ५०० सैनिक मात्र तैनाथ गरियो । यहीबीच नेटोले पनि आफ्नो सैनिक सङ्ख्यामा भारी कटौती गर्‍यो ।

पछिल्लोपटक राष्ट्रपति जो बाइडेनले पनि ट्रम्पकै कार्यकालमा भएको सम्झौतालाई अघि बढाए । तर अमेरिकी सेनाले अफगानिस्तान छाड्ने समयसीमा अगस्त ३१ कायम गरे ।

गत जुलाई ८ मा राष्ट्रपति बाइडेनले अगस्त ३१ भित्र अमेरिकी फौज स्वदेश फर्कने घोषणा गरेको भोलिपल्टै तालिबानी समूहले देशको ८५ प्रतिशत भूभागमा नियन्त्रण कायम गरेको बताएको थियो, तर तत्कालीन अशरफ घानी सरकारले तालिबानको दाबी झूटो भएको दाबी गरेको थियो । अगस्त १५ मा तालिबानी समूह काबुल प्रवेश गरेको थियो । दशौं हजार अफगान र विदेशी, तालिबानी समूहबाट हुन सक्ने अत्याचारबाट बच्न काबुल विमानस्थल ओइरिएका थिए । काबुलबाट अमेरिका र अन्य मुलुकका सेनाले एक लाख २३ हजारभन्दा बढी व्यक्तिको उद्धार गरेका छन् ।

अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता भए पनि अस्तव्यस्त अफगानिस्तानलाई सही मार्गमा ल्याउन तालिबानका लागि फलामको च्युरा चपाए सरह हुनेछ । अन्तर्राष्ट्रियरूपमा विश्वासिलो र समावेशी सरकार गठन गर्नुपर्ने चुनौती बोकेको तालिबानी समूहले देशभित्रका विभिन्न सशस्त्र समूहलाई एकताबद्ध गर्नुपर्ने, भ्रष्टाचार नियन्त्रण गर्नुपर्ने, सुशासन कायम गर्नुपर्ने जस्ता अनेकन चुनौतीको सामना गर्नुपर्नेछ ।

तालिबानी समूहले सन् १९९६ को समय नरहेको जनाउँदै यसपटक परिष्कृत शासनशैली अँगाल्ने बताउँदै आएको छ । सार्कमा आबद्ध दक्षिण शासनशैली अँगाल्ने बताउँदै आएको छ । सार्कमा आबद्ध दक्षिण एशियाली मुलुक अफगानिस्तानले यस क्षेत्रका अन्य मुलुकझैं लोकतान्त्रिक मार्ग अपनाउने विश्वास गर्न सकिन्छ, तर अहिल्यै पूर्वानुमान लगाउन कठिन छ । (यो सामग्री अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको सहयोगमा तयार पारिएको हो)

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

**आजको राशिफल**

| | |
|---|---|
| मेष – विजय | वृष – धनखति |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – मनोरञ्जन | कन्या – कर्मप्राप्ति |
| तुला – राज्यभय | वृश्चिक – वादविवाद |
| धनु – यात्रालाभ | मकर – कडाश्रम |
| कुम्भ – चोरभय | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# टयुमर रोगबाट पीडित पत्रकार राउतलाई आर्थिक सहयोग

प्रस, रौतहट, १५ भदौ/

नेपाल पत्रकार महासङ्घ रौतहटको पहलमा ग्रामीण विकास केन्द्र नेपालले ब्रेन टयुमर रोगबाट पीडित पत्रकार रामपुकार राउतलाई एक लाख एक हजार रुपैयाँ आर्थिक सहयोग गरेको छ।

कतार च्यारिटी नेपालको सहयोगमा ग्रामीण विकास केन्द्र नेपालका अध्यक्ष पारस हुसेनले पीडित पत्रकार राउतलाई सहयोग गरेका हुन्।

पत्रकार राउतको आर्थिक अभावमा शल्यक्रिया हुन सकेको छैन। ब्रेन टयुमरबाट पीडित पत्रकार राउतले भारतको दिल्लीस्थित एम्स अस्पतालमा आफूले उपचार गराइरहेको बताएका छन्। उनले उपचारको लागि आफू चाँडै दिल्ली जाने बताए।


तस्वीरः प्रतीक

# बलात्कारको अभियोगमा वडाध्यक्षविरुद्ध जाहेरी

प्रस, जनकपुरधाम, १५ भदौ/

सर्लाही जिल्लाको ब्रह्मपुरी गाउँपालिका वडा नं ७ का अध्यक्ष श्यामकुमार यादवलाई बलात्कार प्रयासको आरोप लागेको छ। उनीविरुद्ध प्रहरीमा उजुरीसमेत परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी निरीक्षक कृष्ण गिरीले जानकारी दिएका छन्।

वडाध्यक्ष यादवविरुद्ध उनकै छिमेकीले उजुरी दिएकी हुन्। उजुरी आएलगत्तै प्रहरी अनुसन्धान शुरू भएको जिप्रकाले जनाएको छ। यही भदौ ५ गते राति वडाध्यक्ष यादव छिमेकीको घरमा प्रवेश गरी बलात्कार प्रयास गरेको छिमेकी महिलाको उजूरीमा उल्लेख छ।

प्रहरीमा उजुरी परेको थाहा पाएपछि आरोपित वडाध्यक्ष यादव सम्पर्कविहीन रहेकाले उनको खोजी भइरहेको प्रनि गिरीको भनाइ छ। यता महिला पक्षले भने प्रहरीले नै वडाध्यक्षलाई सूचना चुहाएर भगाएको आरोप लगाएका छन्। प्रहरीले भने सो आरोपको खण्डन गरेको छ।

# भन्सार छलीका सामान बरामद

प्रस, वीरगंज, १५ भदौ/

जिल्ला प्रहरी कार्यालय, बाराले मातहतका प्रहरी चौकीसमेतबाट भन्सार छलीका १६ लाख मूल्यबराबरको सामान वीरगंज भन्सार कार्यालय चलान गरेको छ।

बारा प्रहरीका प्रवक्ता प्रनाउ गौतम मिश्रले औषधि, मल, खसी र मोटरसाइकल गरी करीब १६ लाख मूल्यबराबरको सामान मङ्गलवार वीरगंज भन्सार पठाएको बताए। बारा जिल्लाका विभिन्न नाकाबाट भन्सार छलीका ती सामान भित्र्याइएको र मातहतका प्रहरीले बरामद गरेको उनले बताए।

# हतियारसहित दुईजना पक्राउ

प्रस, वीरगंज, १५ भदौ/

जिल्ला प्रहरी कार्यालय, बारा र प्रदेश प्रहरी कार्यालय जनकपुरको संयुक्त टोलीले मङ्गलवार दिउँसो स्वचालित बन्दुक र गोलीसहित दुईजनालाई पक्राउ गरेको छ।

जिप्रका, बाराका प्रवक्ता प्रनाउ गौतम मिश्रले सिम्रौनगढ नपा-६ मा रहेको विधायक होटलबाट दुईजनालाई मेड इन युएसए लेखिएको म्यागिजनसहित पेस्तोल एक थान र थप म्यागिजन एक थानसहित पक्राउ गरी अनुसन्धान शुरू गरिएको बताए। उनले आज दिउँसो ४ बजे होटलबाट सिम्रौनगढ नपा-४ गङ्गानगर बस्ने ३५ वर्षीय राजेशप्रसाद यादव र २० वर्षीय जीतेन्द्रप्रसाद कुशवाहालाई हतियारसहित पक्राउ गरिएको बताए।



तस्वीर सौजन्यः जिप्रका बारा

# वाग्मती प्रदेशसभामा ५६ मध्ये १२ जना माधवपक्षमा

प्रस, मकवानपुर, १५ भदौ/

वाग्मती प्रदेशसभामा रहेका नेकपा एमालेका सांसदहरूमध्ये १२ जना सांसदले नेकपा एकीकृत समाजवादी पार्टी रोजेका छन्। उनीहरू मङ्गलवार हेटौंडास्थित प्रदेश निर्वाचन आयोगको कार्यालयमा पुगेर आफूहरू नेकपा एमालेमा नबसी नेकपा एकीकृत समाजवादी पार्टीमा समाहित हुन चाहेको जानकारी दिएका हुन्।

एमाले फुटेर माधवकुमार नेपालले छुट्टै दल दर्ता गरेपछि निर्वाचन आयोगले राजनीतिक दलसम्बन्धी अध्यादेश अनुसार प्रदेश र स्थानीय तहका जनप्रतिनिधिलाई दल रोज्न भदौ २२ गतेसम्म समयसीमा तोकेको छ। सोही व्यवस्था अनुसार वाग्मती प्रदेशसभाका सांसदहरूले आयोगलाई लिखित जानकारी दिएको बताएका छन्।

१०९ सदस्यीय प्रदेशसभामा एमालेका ५६ जना सांसद थिए। सोही आधारमा प्रदेश सरकार एमालेले चलाउन पाएको थियो। उक्त सङ्ख्यामध्ये १२ जना (२१.४ प्रतिशत) सांसदले एकीकृत समाजवादी रोजेपछि मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य अल्पमतमा परेकी छन्।

भदौ २ गते एमालेका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले राजीनामा दिएपछि माधव नेपाल पक्षबाट ओली पक्षमा आएकी शाक्य मुख्यमन्त्री बनेकी थिइन्।

मङ्गलवार आयोगमा पुगेर माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीमा जान निवेदन दिने सांसदहरूमा राजेन्द्र पाण्डे, राजेन्द्रमान श्रेष्ठ, लक्ष्मण लम्साल, वसुन्धरा हुमागाईं, रमा आलेमगर, वसन्त मानन्धर, कुसुम कार्की, पार्वती सिलवाल, इन्द्रमाया गुरुङ, मुनु सिग्देल,
माधव पौडेल र कृष्ण खनाल रहेको निवेदकमध्येका सांसद पाण्डेले बताए।




# खेलकूदको संसार

## नेपालकी पलेशाले बेलायती खेलाडीसँग प्रतिस्पर्धा गर्ने

काठमाडौं, १५ भदौ/रासस

टोकियो-२०२० पारा ओलम्पिकमा नेपालकी पारा तेक्वान्दो खेलाडी पलेशा गोवर्धनले आफ्नो पहिलो चरणको खेलमा बेलायती खेलाडी बेथ मुनरोसँग प्रतिस्पर्धा गर्ने भएकी छन्।

मङ्गलवार सार्वजनिक भएको ड्र अनुसार पलेशाले के ४४ क्याटगोरी अन्तर्गत महिला ५८ किलोमुनि तौल समूहमा बेलायती खेलाडी बेथसँग प्रि-क्वाटरफाइलनमा खेल्ने पक्का भएको हो। पलेशाको खेल शुक्रवार बिहान हुनेछ। उनको तौल समूहमा कुल ११ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। पलेशाले बेलायती खेलाडीलाई हराएमा क्वाटरफाइनलमा टर्कीकी गाम्जे गुर्डलसँग खेल्नेछिन्। नेपालबाट पारा ओलम्पिकमा पलेशाले वाइल्ड कार्डबाट स्थान बनाएकी हुन्।

एशियन च्याम्पियनशिपमा कांस्य विजेता पलेशाले विश्व च्याम्पियनशिपमा पनि सहभागिता जनाइसकेकी छन्। पारा ओलम्पिकमा सहभागिता जनाउन एक खेलाडीसहित छ सदस्यीय नेपाली टोली यसअघि नै जापानको टोकियो पुगिसकेको छ। पारा ओलम्पिकमा कविराज नेगी लामा प्रशिक्षक, दीपक विष्ट अफिसियल, सरोज श्रेष्ठ सेफ दि मिसन, डा दीपक श्रेष्ठ फिजियो र विश्वास बस्नेत कोभिड लाइसेन्स अफिसरका रूपमा सहभागी भएका छन्।

## इपिएल विजेताले रु ५० लाख पाउने

काठमाडौं, १५ भदौ/रासस

चौथो संस्करणको एभरेस्ट प्रिमियर लिग (इपिएल) टी-ट्वान्टी क्रिकेट प्रतियोगिताको विजेता टोलीले रु ५० लाख प्राप्त गर्ने भएको छ।

आगामी असोज ९ देखि २३ गतेसम्म चल्ने उक्त प्रतियोगिताका विजेताले रु ५० लाख तथा उपविजेताले रु १५ लाख प्रदान गर्ने आयोजक इपिएल प्रालिले जनाएको छ। खेल कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुनेछ।

EPL
EVEREST PREMIER LEAGUE

यस संस्करणको खेलमा इपिएलले पुरस्कार राशिमा दोब्बर वृद्धि गरेको छ। अघिल्लो संस्करणको विजेता टोलीले रु २५ लाख तथा उपविजेताले रु १० लाख प्राप्त गरेको थियो। अघिल्लो संस्करणको फाइनल खेलमा ललितपुरले भैरहवालाई पराजित गर्दै उपाधि जितेको थियो।

प्रतियोगितामा विभिन्न छ शहरका फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्नेछन्। जसमा साबिक विजेता ललितपुर प्याट्रियट्ससँगै काठमाडौं किङ्स इलेभेन, पोखरा राइनोज, चितवन टाइगर्स, भैरहवा ग्ल्याडियटर्स र विराटनगर वारियर्सले प्रतिस्पर्धा गर्नेछन्।

## पदक विजेता खेलाडी भन्छन्, "अबको लक्ष्य युथ वर्ल्ड च्याम्पियनशिप'

काठमाडौं, १५ भदौ/रासस

युनाइटेड अरब इमिरेट्स (युएई) मा सम्पन्न एएसबिसी एशियन युथ एन्ड जुनियर बक्सिङ च्याम्पियनशिपमा नेपाललाई पहिलोपटक पदक दिलाएका खेलाडीहरूले अबको लक्ष्य 'युथ वर्ल्ड च्याम्पियनशिप' भएको बताएका छन्।

प्रतियोगितामा सहभागी भई युएईबाट मङ्गलवार फर्किएका खेलाडीहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित स्वागत कार्यक्रममा पदक जित्नका लागि स्रोतसाधन र वातावरण आवश्यक भएको बताए। पुरुष ५४ किलोमा कांस्य पदक प्राप्त गरेका छिरिङवाङ्दी शेर्पाले दुई महीनाको अभ्यासका कारण सफलता प्राप्त भएको सुनाए। "सङ्घ, परिवार र प्रशिक्षकको सहयोगले नै पदक प्राप्त गर्न सम्भव भएको हो," उनले भने, "अबको लक्ष्य युथ वर्ल्ड च्याम्पियनशिपमा पदक जित्ने हो।"


संयुक्त अरब इमिरेटस् (युएई) मा भएको एसियन युथ जुनियर बक्सिङ च्याम्पियनसिपमा नेपाललाई पहिलो पटक पदक दिलाएका खेलाडी त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा प्रशिक्षक र पदाधिकारीका साथमा। तस्वीरः रासस

यस्तै, महिला ५२ किलोमा कांस्य प्राप्त गरेकी स्वस्तिका तिरुवाले आवश्यक वातावरण पाएमा नेपालका बक्सिङ खेलाडीले पनि पदक जित्न सक्ने युएईमा सम्पन्न जुनियर च्याम्पियनशिपबाट प्रमाणित भएको बताइन्। "अभ्यास र प्रतियोगितामा सहभागी हुन पाउनु खेलाडीका लागि मुख्य कुरा हो," उनले भनिन्, "दुवै कुरा उपलब्ध भए पदक जित्न सकिन्छ भन्ने लागेको छ।"

यसैगरी, प्रतियोगितामा महिला ५७ किलोतर्फ कांस्य पदक प्राप्त गर्न सफल नरिका राईले युएई च्याम्पियनशिपबाट थप ऊर्जा मिलेको बताइन्।

"खेलाडीका लागि अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता आवश्यक छ, विश्वका अन्य खेलाडीको खेलबाट धेरै सिक्न पाइन्छ," उनले भनिन्। घरेलु प्रतियोगिताबाट मात्र खेलाडीको वृत्ति विकास सम्भव नभएको उनको भनाइ थियो।

खेलाडीसँगै युएईबाट फर्किएका ओलम्पियन एवं प्रशिक्षक डम्बरदत्त भट्टले जुनियर बक्सिङ च्याम्पियनशिपबाट नेपालले ऐतिहासिक पदक प्राप्त गर्न सफल भएकोमा खुशी व्यक्त गरे। "स्वदेशको प्रतियोगितामा मात्र सीमित रहनुहुँदैन," उनले भने, "बढीभन्दा बढी अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताले खेलाडीसँगै प्रशिक्षकलाई पदक प्राप्त गर्न मदत पुग्छ।" पछिल्लो समय बक्सिङ सङ्घको सक्रियताले खेलको स्तर वृद्धिका साथै उपलब्धि हासिल हुँदै गएको उनले सुनाए। उनले बक्सिङमा थप सफलता हासिल गर्नका लागि विद्यालयस्तरीय प्रतियोगिता गराउनुपर्नेमा जोड दिए।

नेपाल बक्सिङ सङ्घका अध्यक्ष राम अवालेले अन्तर्राष्ट्रिय जुनियर बक्सिङ च्याम्पियनशिपमा पहिलोपटक पदक प्राप्त गरेपछि देशभर राम्रो सन्देश गएको बताए। "अन्तर्राष्ट्रिय प्रतियोगितामा समेत पदक जित्न सकिने रहेछ भन्ने सन्देश सबैतिर फैलिएको छ, यसले हामीलाई खेलाडी उत्पादनमा थप हौसला मिलेको छ," उनले भने। युएई च्याम्पियनशिपबाट सङ्घको साख बढेको अध्यक्ष अवालेले सुनाए। "अब हामी जुनसुकै प्रतियोगितामा पनि पदकबाट टाढा छैनौं," उनले भने।

एशियन युथ एन्ड जुनियर बक्सिङ च्याम्पियनशिपमा नेपालबाट ६ खेलाडीसहित १२ सदस्यीय टोली सहभागिता जनाउन यही भदौ २ गते युएई प्रस्थान गरेको थियो। सहभागी खेलाडीमध्ये शेर्पाले पुरुष ५४ किलो, तिरुवाले महिला ५२ किलो तथा राईले ५७ किलोमा प्रतिस्पर्धा गर्दै कांस्य पदक प्राप्त गरेका थिए। शेर्पा सेमिफाइनलमा कजाकिस्तानका एडाइबेक नियाजबेसित पराजित भएका थिए। सो स्पर्धामा नियाजबेले नै स्वर्ण पदक जिते।

यस्तै, तिरुवा र राई सेमिफाइनलमा भारतीय खेलाडीसित पराजित भएका थिए।

त्यसअघि उनले कुवेतका मोहम्मद अलिनेजीलाई ५-० अङ्कले पराजित गरेकी थिइन्। प्रतियोगितामा नेपालबाट पुरुषतर्फ ६० किलो तौलमा इन्द्रबहादुर सुनार, ५४ किलोमा सुलभ माली र ७१ किलोमा सुदेन गिरीले प्रतिस्पर्धा गरेका थिए।

# टयाङ्करको ठक्करबाट एकजनाको मृत्यु

प्रस, वीरगंज, १५ भदौ/

वीरगंज महानगरपालिका-२५ बहुअरी चोकमा टयाङ्करको ठक्करबाट मङ्गलवार एकजनाको मृत्यु भएको छ।

पावरहाउस-सुक्खा बन्दरगाह सडकखण्ड अन्तर्गत बहुअरी चोकमा भारतीय टयाङ्करले ठक्कर दिंदा बहुदरमाई नगरपालिका पिपरा निवासी लालबाबू साहको मृत्यु भएको प्रहरीले जनाएको छ।

टयाङ्करको ठक्करबाट सख्त घाइते साहको घटनास्थलमैं केही क्षणपछि मृत्यु भएको थियो। ठक्कर दिने टयाङ्करलाई प्रहरीले नियन्त्रणमा लिएको छ।


तस्वीरः प्रतीक